# सङ्घीय संसद्
# राष्ट्रिय सभा
# बिसौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २५ चैत २०८२
# बुधवार
# बैठक सङ्ख्या- ४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:२० बजे प्रारम्भ भयो।

(१३:२० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू शून्य समय बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यलाई १/१ मिनेटको समय निर्धारण गरेको छ। सर्वप्रथम माननीय सदस्य गीता देवकोटा।

(१३:२१ बजे) **माननीय श्री गीता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, मध्य पूर्वमा देखिएको द्वन्द्वका कारण देखाएर भइरहेको मूल्य वृद्धिको चपेटामा आम जनताको जीवनयापन अत्यन्त कठिन बन्दै गएको तर्फ अध्यक्षज्यू मार्फत सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु। कृषि प्रधान मुलुक हाम्रो देशमा तरकारी, खाद्यान्न, फलफूल, मह, माछा, मासु लगायतका उत्पादन गर्ने किसानहरूलाई दीर्घकालीन रूपमा व्यावसायिक बनाउन आवश्यक छ। यसका लागि राज्यले आगामी बजेट मार्फत अल्पकालीन तथा दीर्घकालीन ठोस कार्यक्रमहरूलाई ल्याई उत्पादन, भण्डारण र ढुवानी व्यवस्थापनलाई सुदृढ गर्दै किसानलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्न माननीय अध्यक्ष मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१३:२२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य धर्मेन्द्र पासवान।

(१३:२२ बजे) **माननीय श्री धर्मेन्द्र पासवान (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सप्तरी जिल्ला सुरुङ्गा नगरपालिका वडा नं ३ लक्ष्मीपुर फागुन ३० गतेको घटना हो। पीडित मन्जु कुमारी सदार उमेर १४ वर्ष त्यो घरमा काम गर्नको लागि राखेको थियो। अनि समय समय सम्बन्ध बनाई दण्ड समेत गरी उनलाई.... बनाएको हो। मिरत भनेको महेश्वर प्रसाद यादव हो। छोरा मुकुन्द यादव हो। आफन्त धर्म देवी यादव हो। सहयोगी बद्री यादव हो, समेत वडा सदस्य रहेको हो। अध्यक्ष महोदय, यो सदन मार्फत सरकारद्वारा यो छिटो भन्दा छिटो न्यायको लागि कारवाही होस् भनेर। धन्यवाद।

(१३:२३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय श्री मीनासिंह रखाल।

(१३:२३ बजे) **माननीय श्री मीनासिंह रखाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, जल, जङ्गल, जमिनबाट सम्भावना बोकेको कर्णाली, आज म कर्णालीको पीडा बोकेर सम्मानित सदनमा उभिने अवसर पाउँदै गर्दा प्रश्न सोध्न चाहन्छु। प्रचुर सुरत हुँदा पनि कर्णाली किन ऊ पछि र गरिब, कर्णालीसँग अथाह जलस्रोत, विशाल जङ्गल, उर्वर जमिन, दुखको कुरा सरकारको दृष्टि पुग्दैन। यी सबै..... गइरहेका छन्। नदि बगिरहेको छ, तर कर्णाली अन्धकारमा छ। जङ्गल उभिएको छ तर जनताले लाभ पाएका छैनन्। जमिन छ तर उत्पादन र बजारको पहुँच छैन। अध्यक्ष महोदय, यो प्राकृतिक अभाव होइन। यो राज्यको उपेक्षा र असफल हो। कर्णालीलाई भाषणमा होइन बजेटमा सम्झिनुहोस्। त्यसैले म सम्मानित सदन मार्फत माग गर्दछु। कर्णालीका जलस्रोतमा तुरुन्त लगानी गरियोस्। जङ्गलको उपयोग स्थानीय जनताको केन्द्रमा राखियोस्। कृषि र पूर्वाधार विशेषमा ल्याईयोस्। कर्णालीलाई दया होइन कर्णालीलाई अधिकार र अवसर चाहिन्छ। अब पनि व्यवस्था गरिएन भने कर्णाली चुप (..... समय सकिएको।)

(१३:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रेखा कुमारी झा।

(१३:२५ बजे) **माननीय श्री रेखा कुमारी झा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, प्रत्येक वर्ष जस्तो अभाव हुने रासायनिक मल यस वर्ष पनि अमेरिका, इजरायल र इरान बीच भइरहेको युद्धको कारण थप अभाव हुने अवस्था सिर्जना हुने अवस्था सरकार गम्भीर भई वर्ष सिर्जनाको लागि आवश्यक पर्ने रासायनिक मलको चासो पासो समयमै माग गर्ने गर्दछु। सम्माननीय अध्यक्षज्यू, मुलुकको विभिन्न भेगमा खास गरी पहाडी क्षेत्रमा बाँदर समेतको वनजन्तुले नष्ट गरेको किसानको उठीबास भइरहेको प्रत्येक वर्षको समस्या तत्काल समाधान गरियोस् भने क्षतिपूर्तिको किसानलाई राहत क्षतिपूर्तिको व्यवस्था गरिँदिन भने माग गर्दछु। धन्यवाद।

(१३:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सर ललित जङ्ग शाही।

(१३:२६ बजे) **माननीय श्री ललित जङ्ग शाही (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, विश्वमा विभिन्न मुलुकहरूमा व्याप्त भ्रष्टाचारलाई त्यसको अवस्थालाई मूल्याङ्कन गर्न एउटा अन्तरराष्ट्रिय संस्था ट्रान्सपेरन्सी इन्टरनेशनलको २०२५को रेकर्डमा नेपाल १८२ देशमा १०९औं देशको रैंकिङ्गमा आएको छ र ६ अङ्कमा ३४ अङ्क प्राप्त गरेर भ्रष्टाचार

ग्रस्त मुलुक साबित भएको छ। वर्तमान प्रचण्ड बहुमतको सरकारले नेपाललाई भ्रष्टाचार मुक्त र सुशासन सहितको देश घोषणा गम्भीर रूपमा चिन्तन गरोस् भनि सम्माननीय अध्यक्ष महोदय, मार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२७ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य सम्झना देवकोटा।

(१३:२७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सोमनाथ पोर्तेल।

(१३:२७ बजे) **माननीय श्री सोमनाथ पोर्तेल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सरकारी तथ्याङ्क अनुसार नेपालमा उत्पीडित दलित समुदायको जनसङ्ख्या ३८९८९९० रहेको छ। विगतको सामन्ती राज्य व्यवस्थाको घोषित नीतिका कारण कला र सीप बाहेक सबै आर्थिक, सामाजिक, मानवमा यो समुदाय पीडामा रहेको छ। यो अवस्थामा राज्य तर्फबाट उत्पीडित दलित समुदायसँग पुनः माफी माग्ने वर्तमान सरकारको सरकारी घोषणाको हार्दिक स्वागत गर्दछु। म सरकारलाई जननेता मदन भण्डारीको भनाई उद्‌धृत गरेर सम्झाउन चाहन्छु, कुराले चिउरा भिज्दैन। वर्तमानको हाम्रो संविधान र ऐन कानुनको प्रभावकारी कार्यान्वयन गर्दै तत्काल आर्थिक, सामाजिक रूपान्तरणको विशेष कार्यक्रमको घोषणा गर्न म आग्रह गर्दछु। तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले भुगत उद्यमशीलता विकासका कार्यक्रम लगायतका पर्याप्त बजेट सहित अगाडी सारेका कार्यक्रमहरूको कार्यान्वयन कुन चरणमा पुग्यो म सरकारलाई प्रश्न गर्न चाहन्छु। धन्यवाद।

(१३:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य सुनिल बहादुर थापा समय ९ मिनेट। यसपछि माननीय सदस्य जयन्ती देवी राई।

(१३:२९ बजे) **माननीय श्री सुनिल बहादुर थापा (नेपाली काँग्रेस)**:- सम्माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरू आज म यस सदन समक्ष महत्त्वपूर्ण विषयहरू प्रस्तुत गर्न चाहन्छु। एउटा विषम राजनीतिक परिस्थिति पार गरेर गत फागुन २१ गते सम्पूर्ण आम निर्वाचनले अवरुद्ध भएको संवैधानिक संसदीय प्रक्रिया सुचारु भएको छ। यो सर्वविधितै छ कि वर्तमान राष्ट्रिय राजनीति गत भदौं २३ र २४ गतेको जेनजी विद्रोहको जगमा खडा भएको छ। यसको व्यवस्था र विश्लेषण विभिन्न सुरक्षा पूर्णबाट भइरहेको छ। प्रश्न र तर्कहरू आफ्नो-आफ्नो ठाउँमा भएपनि जेनजी विद्रोहको कारण भएको प्रदेश सभाको निर्वाचनबाट लोकतन्त्रको विजय भएको छ, संविधान बाँचेको छ। नेपाल लगायत दक्षिण एसियाली राजनीतिकमा यो ठुलो ऐतिहासिक प्रस्थान भएको मैले महसुस गरेको छु। दोस्रो म अब मध्य पूर्वमा भइरहेको द्वन्द्व जस्तो गम्भीर अन्तरराष्ट्रिय विषय तर्फ ध्यानाकर्षण गराउन चाहन्छु। आजको यस युगमा कुनै पनि अन्तरराष्ट्रिय द्वन्द्वले विश्वभरि प्रभाव पार्दछ। विशेषगरी नेपाल जस्तो भूपरिवेष्ठित देशमा यसको प्रभाव अझ बढी छ। हाम्रो ऊर्जा, आपूर्ति भारत मार्फत निर्भर रहेको सन्दर्भमा म नेपाल सरकारलाई यस अवस्थालाई नजिकबाट निगरानी गर्न तथा भारत सरकारसँग समन्वय

गरी इन्धन आपूर्तिमा निरन्तर सुनिश्चितता गर्न आग्रह पनि गर्दछु। साथै इन्धनको मूल्यवृद्धिले समग्र अर्थतन्त्रमा गम्भीर प्रभाव पार्नेछ। यस सन्दर्भमा अर्थमन्त्रीज्यूले इन्धन आयतमा कर तथा अन्य अप्रत्यक्ष शुल्क घटाउने निर्णय लिनु भएकोमा स्वागत गर्दछु तर म सरकारले दीर्घकालीन रूपमा यस्ता अप्रत्यक्ष करहरू स्थायी रूपमा घटाउने वा पुनरावलोकन गर्न आग्रह पनि गर्दछु। इन्धनको मूल्य सुलभ राख्न हाम्रो अर्थतन्त्रमा गतिशील दिन पनि हो।

म राष्ट्र राजनीतिकका विषयमा आफ्नो धारणा व्यक्त गर्न चाहन्छु। विगत छ दशक देखि नेपालका राजनीतिक अस्थिरताको चपेटामा परेको छ। अब समय आएको छ सबै राजनीतिक दलका नेताहरूले व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर राष्ट्रलाई केन्द्रमा राख्नु पर्छ। हामी सबैले संविधानको सर्व उच्चतामा विश्वास गर्नु पर्छ। सक्षम संस्थाहरू निर्माण गर्नु पर्छ र विधिको शासनलाई सुरक्षित गर्न पर्छ। लोकतन्त्रको सफलता केवल कानुन निर्माणमा मात्र होइन। त्यसको निरपेक्षता कार्यान्वयनमा पनि निर्भर पर्छ र सरकारको बानी बेहोरामा पनि यसले ठुलो असर पार्दछ। यसै सन्दर्भमा आज देशलाई सबैभन्दा बढी आवश्यकता छ सम्झौता र मेलमिलाप। वर्तमान अवस्थामा नेपालले कुनै पनि प्रकारको राजनीतिक अस्थिरता बल गर्न सक्दैन। आज राजनीतिक क्षेत्रमा देखिएको विभाजन अब जनस्तर सम्म फैलिएको देख्दा समाज, राजनीतिक विभाजनलाई यथा शीघ्र अन्त्य गर्नु पर्छ भन्ने म नेपाल सरकारको जिम्मेवारी पनि ठान्दछु। नेपालको इतिहास बलिदान, संघर्ष, परिवर्तनको इतिहास हो। राणा शासन देखि बहुदल हुँदै सँगै लोकतान्त्रिक, गणतन्त्रसम्म आइ पुग्दा नेपाली जनताले आफ्नो अधिकारको लागि धेरै त्याग गरेका छन्। ती त्यागहरूको मूल्य भनेको आजको लोकतन्त्र हो। तर प्रश्न उठ्छ के जनताले लोकतन्त्रको वास्तविकता अनुभव आफूले चाहेको अनुसार गर्न पाएका छन् त ? सम्माननीय सभामुखज्यू मार्फत नेपाल सरकारलाई ध्यान आकर्षित गर्न चाहन्छु कि नेपालका हरेक आन्दोलनमा नेपाली काँग्रेसको प्रमुख भूमिका रहेको छ। साथै नेपाली काँग्रेसको समझदारी र आन्दोलनहरूले शान्तिपूर्ण ढङ्गले अवतरण पनि गरेको छ। यसको लागि म नेपाल सरकारलाई नेल्सन मण्डेलाले देखाउनु भएको मार्गबाट सिक्न पनि आग्रह गर्दछु। नेल्सन मण्डेलाले दक्षिण अफ्रिकामा सम्भावित जातीयता हिंसा र लोकतन्त्रलाई सफल पार्नु भएको छ। देशलाई एकवद्ध बनाउनु भएको छ। उहाँले सजिलो बाटो राजनीतिक विपक्षलाई दबाएर न्याय दिलाएका छौं भन्ने भ्रम फस्न र त्याग्नु भयो र त्यसको सट्टा मेलमिलाप सहअस्तित्व र सादा भविष्यको मार्ग रोज्नु भयो। म यहाँ नेपाल सरकारलाई पनि यही बाटो अनुकरण गर्नको लागि पनि म हार्दिक अनुरोध गर्दछु। उहाँको यही दूरदर्शिता, उदारता र सहिष्णुताले दक्षिण अफ्रिकामा साहित्य र शान्ति स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। साथै नयाँ सरकारले भदौं २३ र २४ गतेको नव युवाको विद्रोहको मर्म संविधान मूलभूत मान्यता प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, शक्ति सन्तुलन र नियन्त्रण तागत सरकारको सहअस्तित्वसम्म सहकार्यको भावनाको साथ सुशासन एवं सुस्त सेवा प्रवाह लगायतका जन आकांक्षा अनुरूप कार्य गर्दै छ। हामीले विगतका सबै त्रुटि र अन्यायलाई कानुनको माध्यमबाट कुनै पनि राजनीतिक पूर्वक ग्रह बिना समाधान गर्नुपर्छ। तर वर्तमान सरकारसँग नयाँ राजनीतिक संस्कृति, सहिष्णुता, सम्मान सहकार्यमा आधारित संसदीय अभ्यास विकास गर्ने सुनौलो अवसर प्राप्त भएको छ। यस्तो संस्कार स्थापना गर्ने जिम्मेवारी अहिले सरकारकै काँधमा रहेको छ।

सम्पत्ति शुद्धीकरणको कुरालाई लिएर हामीले हरेक घटनालाई पनि नजिकबाटै नियालेर आएका छौं। यसै सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीको बाचा पत्र नम्बर १६ को लाइनलाई पनि म ध्यानाकर्षण गर्न चाहन्छु। नेपालले अब अर्को पुस्तासम्म राजनीतिक अनिश्चितता बहन गर्न सक्दैन। त्यसैले संसदीय भित्र महत्त्वपूर्ण राष्ट्रिय र राजनीतिक मुद्दाहरूमा निष्पक्ष सहकार्यको संस्कार विकास गर्न आवश्यक छ। यसले हाम्रो लोकतन्त्रलाई अझै सुदृढ बनाउँछ। विश्वभरि प्रभाव पारेको जलवायु परिवर्तनले नेपाल पनि अछुत रहन सकेको छैन। नेपाल जलवायु परिवर्तनको सन्दर्भमा सबैभन्दा जोखिम मुलुक रहेको छ। त्यसैले गर्दा खेरि हिमालयको तापक्रम बढ्दो भई गइरहेको छ। प्रमुख प्रभावमा दुर्गतिमा हिम नदी

पग्लिने, अनियमित मनसुन, ढाकाहरू समावेशन जसले गर्दा बाढी, पहिरो र खडेरी बढिरहेको छ। यी प्रभावहरूले कृषि, जलविद्युत र जीविकोपार्जनको प्रत्यक्ष रूपमा खतरा पार्दै छन्। सामूहिक बसाई सराई तनावमा छ। पहाडी स्थानीय जीविकोपार्जन र कृषि भूमिकाको विनाशले ठूलो बसाई सराईलाई बढ्वा दिन्छ। धेरै जसो दक्षिण एसियाको भीड युक्त सहरी केन्द्रहरू सर्छन्। त्यसैले गर्दाखेरि सङ्कटको क्रममा अहिले नै नेपाल सरकारले यसलाई पूरा ध्यान दिएर यसमा विशेष कार्यक्रमहरू ल्याउनुपर्ने देखि म अनुरोध गर्दछु।

धनकुटा जिल्लामा किसानहरूले भोगिरहेका समस्या तर्फ ध्यानाकर्षण गर्न चाहन्छु। बाँदर आतङ्क, सिँचाइको कमी र खानेपानीको बढ्दो समस्या हो। यही नै कारणले गर्दाखेरि रोजगारीको सिलसिलामा विदेशीनु परेको छ। बाँदरको बढ्दो आतङ्कका कारण किसानले ठुलो आर्थिक तथा कृषि क्षति बेहोर्नु परेको छ। यस गम्भीर समस्याको समाधानको लागि म सरकारलाई वन, कृषि लगायत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण पनि म गराउन चाहन्छु। साथै अहिले देशमा सधैं हामीले नयाँ सरकारबाट धेरै अपेक्षा राखेको छ। तर अपेक्षा मेलमिलाप र समाधानको खोजी राखेको छ। कुनै पार्टी र व्यक्तिलाई मात्रै एकीकृत गरेर उहाँहरूप्रति लखेट्ने काम र हरेक एक जनाको न्यायको प्रतिनिधित्व रहेर घेरिरहेका छन्। त्यसले गर्दाखेरि अबका दिनहरूमा सहिष्णुतालाई ध्यानमा राखेर सबै कुरालाई न्याय गत हिसाबले हेर्नुपर्छ भन्ने म नेपाल सरकारलाई अनुरोध गर्दछु। अन्त्यमा संविधान राष्ट्रिय सभा परिपक्व एवं जिम्मेवारीता भएकोले तद अनुरूप अपेक्षित भूमिकाको लागि हामी सबै यहाँ उपस्थित भएका छौं। हामी रचनात्मक सम्बन्धकारी सहकार्य जनक भूमिका खेल्छौं र अन्य दलका सांसद मित्रहरूबाट पनि त्यस्तै भूमिका व्यवहारको अपेक्षा गर्छौं। राष्ट्रिय सभालाई समस्या समाधानको थलो तुल्याउनमा सत्ता पक्षको पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। धन्यवाद।

(१३:३८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य जयन्ती देवी राई समय ९ मिनेट। यसपछि माननीय सदस्य सम्झना देवकोटा।

(१३:३९ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम नव निर्वाचित राष्ट्रिय सभाका माननीयज्यूहरूलाई हार्दिक स्वागत गर्दछु, हार्दिक बधाई ज्ञापन चाहन्छु र उहाँहरूको कार्य सफलताको शुभकामना भन्न चाहन्छु र वर्तमान सरकार सम्माननीय प्रधानमन्त्री लगायत सम्पूर्ण सरकारको टीमलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्न चाहन्छु।

अध्यक्ष महोदय, भर्खरै चैत्र १८ र १९ गते मन्त्री परिषदको सचिवालयले जुन सचिव स्तरीयको निर्णय परिपत्र गरेको छ। यो परिपत्र आउँदा नआउँदै यो विषय अत्यन्तै विवादको अवस्थामा आइ पुगेको छ र जुन उक्त परिपत्रमा अहिले सरकारका सूचना विज्ञापनहरू सरकारका सञ्चार माध्यमले मात्रै गर्न पाउने र निजी सञ्चार माध्यमहरूले गर्न नपाउने भन्ने किसिमको जुन एउटा निर्णय गर्यो। त्यो अत्यन्तै गलत छ र त्यो अलोकतान्त्रिक निर्णय छ। किन आज सरकारले पटक-पटक आफ्ना निर्णयहरू विवादित निर्णयहरू गर्दै गइरहेको छ म सोध्न चाहन्छु। आज यो निर्णयले सबै निजी सञ्चार माध्यमहरूलाई धाराशाही बनाउने र प्रेस स्वतन्त्रताको हक विस्तारै-विस्तारै हक खोस्ने खालको जुन अलोकतान्त्रिक निर्णय, निरंकुश निर्णय गरेको छ। त्यो निर्णय म तुरुन्त सच्याउनको निम्ति म माग पनि गर्न चाहन्छु। आज हेक्का होला सरकारलाई कि यो व्यवस्था र यो अधिकार स्थापित गर्नको निम्ति आज सञ्चार कर्मीहरू आन्दोलनको नेतृत्व गरेर अगाडि पङ्क्तिमा थिए र हजारौंले रगत बगाएका छन्, टाउको फुटाएका छन्। त्यसरी नै आज दिन प्रति दिन सरकारले कहिले विद्यार्थी संगठनहरूलाई प्रतिबन्ध लगाउने गर्छ। कहिले प्रेस संगठनहरूलाई रोक्न खोज्ने निर्णयहरू गर्छ। यसले बाध्य

नबनाओस् आज ती विद्यार्थीहरूको ठुलो संगठन गर्ने अधिकार, बोल्न खोज्ने अधिकारहरू खोसिदैं छ। आज यसमा सरकारले सोच्न पर्‍यो कि आज हामीलाई मन छैन। सरकारको बारेमा बोल्न पटक्कै मन छैन। किनभने यत्ति धेरै पपुलर सरकार यत्ति धेरै जनविश्वास प्राप्त गरेको सरकार। तर आज हामीले चुपचाप पनि त बस्न सकिएन नि हामीले। आज हामीले सरकारलाई के विश्वास दिने शुभकामना दिएका छौं सफलताको र सरकारबाट त्यो अपेक्षा छ कि आज स्थापित आन्दोलनले गरेका स्थापित गरेका सम्पूर्ण जनआन्दोलनलाई संस्थागत गर्नु पर्‍यो कि गर्छ भन्ने कुरामा। उनीहरूको अधिकार खोस्ने होइन, अधिकार स्थापितलाई संस्थागत गर्ने र बाँकी अधिकारलाई सुनिश्चित गर्ने। बाँकी अधिकारको निम्ति जन अधिकारको निम्ति लड्ने। यो सरकारले गर्छ भन्ने हामीलाई विश्वास थियो। त्यसकारणले आज सरकारले यस्ता किसिमको निर्णयहरू नगरियोस्, सच्यायोस् भन्न म चाहन्छु, आग्रह गर्न म चाहन्छु।

अध्यक्ष महोदय, केही समय यता किशोरीहरू माथिको साइबर बुलिङ्ग अपराधिक घटनाहरू अत्यन्तै बढ्दै आइरहेको छ। आज ४ महिना भित्रमा आज २ हजार ९९ झन झनै ३००० को रेसिवोमा आज यो घटनाहरू घटिरहेको छ। आज यो घटनाले हजारौं सपना बोकेका किशोरीहरूको मानसिक रूपमा विछिप्त छन्। शारीरिक रूपमा कमजोर छन् र सामाजिक रुपमा असुरक्षित छन्। आज हामीले यस्ता किसिमका युवाहरूको समस्या हामीले चाँहि हेर्दैनौं भने हामीले कस्तो खालको यो समाज निर्माण गर्दैछौं। कस्तो खालको युवा शक्तिहरू आज हामीले तयार गर्दैछौं। त्यसकारणले आज ए आईको नाममा किशोरीहरूको अश्लील फोटो खिचेर पोस्ट गर्ने, अश्लील गाली गर्ने र उनीहरू माथि बलात्कारको धम्कि दिने त्यस्ता अपराधीहरू चाँहि स्वतन्त्र, निर्भीकका साथ, आटका साथ खुल्ला हिड्ने। आज भिक्टिम महिलाहरू चाही आज पटक-पटक जीवन मरण र हजारौं पटक मर्दै बाँच्नु पर्ने। जिउने सम्म ग्यारेन्टी नहुने, सुरक्षाको समेत ग्यारेन्टी नहुने यस्तो हुन्छ। म गृहमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु, गृहमन्त्रीज्यू जेनजी आन्दोलनमा त यी युवाहरूले त हजारौं हजारले त तपाईंलाई समर्थन गरेका थिए नि। म फेरि पन भन्न चाहन्छु, यो सम्मानित सभाबाट तपाईंले ती युवाहरूको विश्वास नतोड्नुहोस् र आज यी सपना बोकेका युवाहरूको स्वतन्त्र पूर्वक आफ्नो सपना पुरा गर्ने वातावरण सिर्जना गर्नुहोस्। तपाईंले आज यो साइबर क्राइमलाई रोक्नुहोस् र यो साइबर ब्यूरोलाई प्रभावकारी ढङ्गले आज उचित ढङ्गले प्रयोगमा ल्याउनुहोस्। आज हामीलाई थाहा छ, हामीले धेरै पटक हामीले छलफल गर्‍यो राष्ट्रिय सभामा अत्यन्तै गम्भीरताका छलफल गर्‍यो। विधायन समितिमा सामाजिक सञ्जाल विधेयक आज त्यो सामाजिक सञ्जाल विधेयक सरकारले फिर्ता लिएको छ। यस फिर्ता लिएको विधेयक सरकारले तुरुन्त ल्याउनु पर्‍यो। यो अनलाइन हिंसा जुन भइरहेको छ, डिजिटल हिंसा जुन भइरहेको छ यो हिंसाको सम्बन्धी एउटा कडा भन्दा कडा कारबाही अपराधीहरूलाई गर्नु पर्‍यो। आज जे गर्दा पनि हुन्छ, जे बोल्दा पनि हुन्छ भन्ने स्थापित मान्यतालाई हामीले मान्यता दिनु भएन। मान्यता स्थापित गर्नु भएन। त्यसकारणले म अनुरोध गर्न चाहन्छु र अहिले परिवर्तन खोजेका थिए जनताहरूले आज लामो इतिहास बोकेका पार्टीहरूले एक जमानामा यसरी नै अपार जनतालाई सहयोग गरेका थिए साथ दिएका थिए। त्यसकारण हामीले नेपाली उखानमा छ, "सुखमा नमात्तिनू दुःखमा नआत्तिनू" त्यसकारणले आज म आग्रह गर्न चाहन्छु।

आज सम्पूर्ण युवाहरूको भविष्य अन्धकार तिर गइरहेको छ र हरेक न्यायालयहरू अलपत्र बन्दै गइरहेको छ। यो आभास जनताहरूले पाइरहेको छ। त्यसकारणले मैले नेगेटिव होइन अत्यन्तै पोजेटिव ढङ्गले उनीहरूलाई सुझाव दिन चाहन्छु र हामीलाई पनि स्थायी सरकार होस् भन्ने पनि हाम्रो मन आकांक्षा छ। स्थायी सरकारको हामी माग गरिरहेका थियो। अब यो बहुमतको सरकारले स्थायी सरकार हुन्छ भन्ने कुरालाई स्थायी समाजमा कुनै खल नगरीकन समाज साँच्चै एउटा समृद्ध हुन्छ भन्ने कुरामा हामीले विश्वास गरेका थियो। आज आम जनताले त्यही विश्वास गरेको छ तर आजको निर्णयहरू यति छोटो अवधिमा धेरै निर्णयहरू गर्नु भएको छ। त्यसमा धन्यवाद तर तपाईंहरूको निर्णय अलोकतान्त्रिक छ, सच्याउनु पर्छ र आज मलाई खुसी लागेको छ। कुनै पनि पार्टीले मन्त्रिमण्डलमा महिलाहरूलाई ३३ प्रतिशतको कुराहरू

थिएन तर आजको सरकारले महिलाहरूलाई ३३ प्रतिशत महिला पुरा गरेको छ। तर आज महिला नै भिक्टिम नहोस् यति भन्दै म आफ्नो भनाई अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१३:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सम्झना देवकोटा समय ५ मिनेट। यसपछि माननीय सदस्य मोहम्मद खालिद।

(१३:४८ बजे) **माननीय श्री सम्झना देवकोटा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सुशासन, निष्पक्ष, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचार जस्ता सवालमा काम गर्ने बाचा बाँधेर नेपाली जनताको अमूल्य र असामान्य जनमत पाएको वर्तमान सरकारको यो पहिलो कदमले नै हामीलाई स्तब्ध बनाएको छ। हामीले पटक-पटक एउटै कुरालाई उठाउन बाध्य भएका छौं। एकतावद्ध भएर मुलुकलाई विकास र समृद्धिको मार्गमा भिडाउने मात्र होइन तीव्र गतिमा दौडाउने बेलामा हामी उही एउटै विषयमा केन्द्रित हुन पुगेका छौं। त्यो हो नेकपा एमालेका पार्टी अध्यक्ष पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई गरिएको गैर कानुनी, गैर संवैधानिक गिरफ्तारीले हामी सबैलाई दुःखी तुल्याएको छ। म सरकारलाई तुरुन्तै रिहाइको माग गर्न चाहन्छु। तत्कालीन भाद्र २३ र २४ गतेको दुःखद घटना प्रति म स्तब्ध छु। कानुन र संविधान भन्दा माथि कोही छैन। म त्यो घटनामा सम्लघन दोषीहरूलाई उचित कानुनी कारबाहीको माग गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, नेपालीहरू रोजगारीको खोजीमा खाडी मुलुकहरूमा पुग्नेको सङ्ख्य अत्याधिक छ। विभिन्न कठिनाइको सामना गर्दा गर्दै परिवार पाल्ने सपना बोकेर साउदी अरब पुगेका नेपालीहरू मध्ये साउदी अरबियाको रियाद स्थित हुसैन बिन अली अति फास्ट कम्पनीमा काम गर्दै आएका ५२ जना कामदारहरू ज्याला र काम नपाएर एक हप्ता अघि देखि घर भित्रै बिचल्ली अवस्था परेको कुरा भिडियोबाट आइरहेका छन्। सत्य तथ्य बुझी सरकारले उचित कदम चाली उनीहरूको रोजगारी र जीवन रक्षा गर्ने कदम अगाडि बढाउन म अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, हालै मात्रै पूर्वी मध्य पूर्वमा भइरहेको इरान विरुद्ध इजरायल, अमेरिका बीचको युद्धको कारण त्यहाँ रहेका नेपालीहरूको जीवन असुरक्षा प्रति म गम्भीर चिन्ता व्यक्त गर्दछु। त्यस क्षेत्रमा रहेका नेपालीहरूको सुरक्षा सुनिश्चितताको लागि नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र सोही युद्धको कारण पेट्रोलियम र ग्याँसको चरम मूल्यवृद्धिले दैनिक उपभोग्य सामग्री महंगी बढेको कारणले नेपालीको चुलो निभ्न लागेको छ। म यसमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। बजारमा अहिले धेरै ग्याँसका कम्पनीहरू छन्। अहिले पनि ग्याँस पाउनको लागि हामीले धेरै कष्टहरू भोगी रहनु परेको छ। एउटा कम्पनीले अर्को कम्पनीको सिलिन्डर फेर बदल गर्न मान्दैनन् गरि हाले भने पनि ५०० रुपैयाँ तिरेर मात्रै हामीले त्यो ग्याँस परिवर्तन गर्नुपर्छ, फेर बदल गर्नुपर्छ। यो हेर्दा सामान्य विषय जस्तो लाग्न सक्छ तर यो न्यून आय भएका र मध्यम वर्गका परिवारको लागि एकदमै दैनिक जीवनको अप्ठ्यारो विषय मध्ये पर्छ। म यी कम्पनीहरूको ग्याँसलाई सार्दाखेरि पैसा नलिने गरेर फेर बदल गर्न पाइने सहज अवस्था बनाउनका लागि म नेपाल सरकारलाई ध्यानाकर्षण गराउन अध्यक्ष महोदय मार्फत अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म यस सभा समक्ष साइबर बुलिङ्गका घटनाले हाम्रा चेली महिलाहरूमा परेको आघात प्रति म सचेत गर्न चाहन्छु। सामाजिक मूल्य र मान्यतामा गम्भीर प्रश्न उठेको छ अहिले हाम्रो र हामी नेपाली प्रति। यो विषय हामी नेपाली सिङ्गो नेपालीको विषय हो। लैंगिक हिंसा विरुद्ध अन्तरराष्ट्रिय सन्धि, महासन्धि र बेइजिङ्ग घोषणा पत्रको

पक्ष राष्ट्र बनेको नेपाल यो सबै खाले सामाजिक विवेकको अन्त्य गर्न हामी चाहन्थ्यो। यही बीचमा सामाजिक सोशल मिडिया, सामाजिक साइबर बुलिङ्गको माध्यमबाट आर्थिक अनलाइन ठगी तथा मानवीय चरित्र हत्या गर्ने त्यहाँ एउटा सजिलो साधन बनेको छ। हजारौं महिला र बालबालिकाहरू यसको शिकार बनेका छन्। महिला माथि साइबर आक्रमणको कारण महिलाहरूको चरित्र हत्या गर्ने सजिलो, चोटिलो र घोटिलो हतियार बनेको छ। महिलाहरू छिन छिनमा मारिएका छन्। महिला र बालबालिकाहरू माथि गरेको यस्तो हमलाले व्यक्ति मात्र होइन सिङ्गो परिवार र परिवारका नाता सम्बन्ध समेत एकदमै मान सम्मानमा चोट पुग्ने गरेको छ। यो प्रति म सचेत रहन म नेपालको सरकारलाई यो साइबर बुलिङ्गलाई नियन्त्रण गर्नका लागि म अनुरोध गर्न चाहन्छु। हाम्रा माननीय महिला मन्त्री ज्यूहरू मार्फत नेपाल सरकारलाई यो बारेमा छिट्टै कानुन बनाएर यसलाई नियन्त्रण नियमन गर्न एकदमै कानुन बनोस्। साइबर ब्यूरोलाई क्रियाशिल बनाउनका लागि उनीहरूलाई परेका प्राविधिक र आर्थिक कठिनाइहरूलाई पनि सजिलोसँग समाधान गर्न उपाय निकाल्नका लागि म नेपाल सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। अन्त्यमा नव निर्वाचित उपाध्यक्ष लगायत यो राष्ट्रिय सभाका समिति सभापति ज्यूहरूलाई हार्दिक बधाई दिन चाहन्छु, सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। हस्त धन्यवाद।

(१३:५२) **पीठासीनः-** माननीय उपाध्यक्ष श्री लिला कुमारी भण्डारी।

(१३:५३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य मोहम्मद खालिद समय ६ मिनेट। यसपछि माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१३:५४ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभामा सबै निर्वाचित माननीयज्यूहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु। राष्ट्रिय सभाको उपाध्यक्ष पदमा माननीय लिला भण्डारीलाई निर्वाचित हुनमा पनि र ४ वटा समितिका सभापति निर्वाचित हुन आएमा उहाँहरूलाई पनि बधाई तथा शुभकामना सफल कार्यकालको शुभकामना दिन चाहन्छु। आउ हामी एक चोटि फेरी सबै राष्ट्रिय सभाको गरिमालाई अझ ओदमा पुऱ्याउन देश हित र जनताको आकांक्षा, चाहना अनुसार काम गर्न दृढ सङ्कल्पका साथ अगाडि बढौं।

सम्माननीय अध्यक्षज्यू, हाल प्रतिनिधि सभाको सम्पन्न निर्वाचनमा रास्वपाले ऐतिहासिक र अभूत पूर्ण सफलता प्राप्त गऱ्यो। ४८ प्रतिशत मत उहाँहरूले प्राप्त गर्नु भयो त्यसको लागि त्यो पार्टी त्यसका अध्यक्ष वरिष्ठ नेता सबैलाई बधाई दिन चाहन्छु। नवगठित सरकारलाई पनि म बधाई दिन चाहन्छु र सफल कार्यकालको लागि शुभकामना पनि दिन चाहन्छु। साथै यो कुरा पनि भन्न चाहन्छु कि सरकार पक्षका या त्यो दलबाट निर्वाचित यहाँ कोही संसद् छैन। तर राष्ट्रिय सभाको बारेमा म एउटा कुरा के सम्माननीय अध्यक्षज्यूको मार्फत के भन्न चाहन्छु भने राष्ट्रिय सभामा कहिले पनि पक्ष र विपक्षको रहेको थिएन। मेरो ४ वर्षको अनुभव यहाँ आफ्नो सरकार हुँदा पनि आफ्नो पार्टीको सरकार हुँदा पनि यहाँका माननीय सदस्यहरूले राम्रो काम बापत काम समर्थन गरे र विरोध गर्ने निर्णयहरूको विरोध पनि गरेका छन्। यो इतिहास राष्ट्रिय सभाको त्यसले गर्दा म सम्माननीय ज्यूको मार्फत वर्तमान सरकारलाई के भन्न चाहन्छु भने यहाँ तपाई पक्ष पनि पाउनु हुन्छ, विपक्ष पनि पाउनु हुन्छ। तपाईहरूले आजका सरकारहरूले ४८ प्रतिशत पाएको छ। त्यसको जनताले त्यसबाट धेरै आशा लिएको छ र मूल्यांकनको लागि तयार पनि छ। खासगरी यी कुराहरूमा राजनीतिक अस्थायित्व

नेपालको ठुलो समस्या हो। राजनीतिक समस्या किनभने यो भन्दा पहिला पनि दुई तिहाइको हाराहारीमा मत पाएको होइन पाएको हो। हाम्रोको सट्टा राम्रोको रोजाइ वर्तमान सरकारले गर्छ कि गर्दैन। भ्रष्टाचार न्यूनीकरण त्यो समग्रमा हुन्छ कि एक तर्फि हुन्छ ? ऋणको भार बढ्छ कि घट्छ ? आर्थिक वृद्धि दरको अवस्था के हुने छ ? आयात कन्ट्रोल हुन्छ कि हुँदैन ? महंगी नियन्त्रण हुन्छ कि हुँदैन ? उद्योग कल कारखानाको सञ्चालन के अस्तिको भाषणमा सीमित रहन्छ की सुचारु हुन्छ ? सन्तुलित परराष्ट्र नीतिको अवस्था के रहने छन् ? प्रेस स्वतन्त्रताको बारेमा त्यो सवाल उठिने रहेको छ। सबै प्रकारका विभेद अन्त्य राजनीतिक, प्रशासनिक, आर्थिक र सामाजिक न्यायसँग सम्बन्धित समस्याहरूको निदानको लागि संविधान संशोधन यसमा पनि धेरैको अहिले यो छ। संविधान संशोधन पास कार्य दलमा सबै राजनीतिक दललाई जुन अहिले समावेश गर्ने सरकारको निर्णय छ। त्यस कुराको म समर्थन पनि गर्छु, स्वागत पनि गर्छु। हालै विभिन्न दल, विभिन्न पृष्ठभूमिमा पृष्ठभूमिबाट आएका सांसदहरू, दलहरू एक अर्काका सहयोगी बनौं। किनभने हामी शत्रु होइनौं। हामी यही नेपालका लागि काम गरिरहेका छौं। संवाद, सहमति र सहकारीले मात्र देश एउटा बाटो लिन सक्छ। मात्र जाँदा जाँदा एउटा कुरा भन्छु, "दुस्मनी लाख सही खत्म ना किजिए रिश्ता दिल मिले ना मिले हाथ मिलाते रहिए" ।

(१३:५९ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा समय ५ मिनेट। त्यसपछि माननीय सदस्य नारायण दत्त भट्ट।

(१३:५९ बजे) <u>**माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**</u>:- सम्माननीय अध्यक्षज्यू, अहिले मध्य पूर्वको आकाशमा अघोषित विश्व युद्धको बादल मडारिएको छ र त्यहाँ इरानी जनता ठुलो सङ्कटमा जीवन गुजारी रहेका छन्। आज यो युद्धले विश्व व्यापि रूपमा तरङ्ग ल्याएको छ र संसारका न्याय प्रेमी र शान्ति कामी जनताहरूको लागि अत्यन्त ठुलो पीडा दिएको छ। अमेरिकाले २३ दिन अगाडि इरानलाई फेरि ढुङ्गे युग तिर फर्काइदिने धम्की दिएको छ। त्यस किसिमले त्यहाँ बरबर आक्रमणहरू पनि भइरहेका छन्। इरानले अमेरिकाको अमेरिकाले जुन ४५ दिनको युद्ध विराम गर्ने प्रस्ताव राखेको थियो। त्यो इरानले त्यसलाई अस्वीकार गरेको छ र उसले पूर्ण रूपमा युद्ध बन्द गर्नुपर्छ भन्ने आफ्नो प्रस्ताव अगाडि सारेको छ। जुन विश्व शान्तिको निम्ति जायज माग छ। अमेरिकालाई हेर्दा खेरि हामीले अहिले उसको इतिहास हेर्दा हामीलाई थाहा छ कि संसारभरिका कमजोर राष्ट्रहरूलाई दमन गर्ने र त्यहाँ दादागिरी चाँहि देखाउने र विश्वभरि एउटा आतङ्क फैलाउने चाँहि इतिहास रहेको हामी सबैलाई थाहा छ। अहिले पनि ट्रम्पले कैयौं देशलाई कब्जा गर्ने ग्रीनलेण्डलाई कब्जा गरेको घोषणा गरेका छन्।

अर्जेंटीनाको मधुरोलाई अपहरण गरेर लगेको अवस्था छ। क्युवामाथि आक्रमण गर्ने धम्की छ यस खालको अवस्था सिर्जना भएको छ। ट्रम्पको यस प्रकारको जुन आतङ्कवादी नीति छ, यो नीतिको विरुद्ध सम्पूर्ण विश्वसित नै उनको अन्तर विरोध गरेर रहेको छ। रूस, चीन र उत्तर कोरिया मात्र होइन स्वयम् नाटो देशहरू र भारतसित पनि अमेरिकाको अन्तर विरोध बढेर गएको। स्वयं अमेरिका भित्रै ८०/९० लाख जनता ट्रम्पको विरुद्धमा त्यहाँ चाँहि सडकमा उत्रिएको अवस्था छ। यस्तो अवस्थामा पनि इरानलाई ढुङ्गे युगमा फर्काउने जुन उनको धम्की छ। त्यो वास्तवमा यसले ट्रम्प चाँहि स्वयम् आफ्नै देशभित्र पनि कमजोर हुँदै गएको कुरालाई पुस्टि गर्दछ। अमेरिकाको यस प्रकारको साम्राज्यवादी आतङ्कको ..... रूपमा प्रतिरोध गरिरहेका इरानी जनताहरूलाई हामी बधाई दिन चाहन्छौ। उनीहरूको प्रतिरोध खाली इरानको लागि मात्र होइन सम्पूर्ण विश्वका जनताहरूको साम्राज्यवाद विरुद्धको युद्धको अभिन्न अङ्ग पनि हो। त्यसैले विश्व शान्तिका हिमायती नेपाल लगायत सम्पूर्ण विश्वका जनताले अमेरिकी साम्राज्यवादको यो जुन दमन, दादागिरी र साम्राज्यवादी

आतङ्क छ। त्यसको विरोध गर्ने अन्तरराष्ट्रिय दायित्व छ। त्यसैले हामीले आशा गर्छौं, यो साम्राज्यवादी आतङ्क चाहिने को प्रतिरोध गरिरहेका इरानी जनताहरूको जीत हुनेछ र विश्व शान्तिका हिमायती विश्वका न्याय प्रेमी जनताहरू लगायत इरानका जनताहरूको जीत हुनेछ। त्यसैले आज यो युद्धले विश्व व्यापी असर छोडेको छ। हाम्रो देशमा पनि यसको असर परेको छ। महंगी बढि रहेको छ, तेलको अभाव सिर्जना भएको छ, त्यसको विविध रूपमा विविध आयाममा त्यसको असर देश भित्र परिरहेको छ। त्यसैले यी सबै कुरा प्रति वर्तमान सरकारले समयमा नै ध्यान दिएर हाम्रो जनताहरूको चाहिने सुविधाको लागि उनीहरूको जीवन सहज गराउनको लागि त्यस खालको नीति र कार्यक्रमहरू तय गरोस् र तदारुकताका साथ त्यसलाई अगाडि बढाओस् भन्ने आफ्नो माग राख्दै मैले आफ्नो भनाई यहीं टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

(१४:०४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य नारायण दत्त भट्ट समय ९ मिनेट। यसपछि माननीय सदस्य भुवन बहादुर सुनार।

(१४:०५ बजे) **<u>माननीय श्री नारायण दत्त भट्ट (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, आदरणीय माननीयज्यूहरू सर्वप्रथम त प्रतिनिधि सभा, राष्ट्रिय सभाका सबै नवनिर्वाचित माननीयज्यूहरूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। साथै राष्ट्रिय सभाको उपाध्यक्ष, सार्वजनिक समितिका सभापतिज्यूहरूको सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, आज झन्डै दुई तिहार निजीको सरकार छ, सरकार सफल रहोस्। नेपाली जनताहरूले पाँच वर्ष सम्म असल कार्यहरू हेर्न पाउ हामी जनमतमा हारे पनि विचारमा हारेका छैनौं। सरकारलाई ख्याल रहोस् तर कुरा के हो भने आज खाडी मुलुकमा द्वन्द्वले जोह गर्न गएका नेपाली दाजुभाई दिदीबहिनीहरू ज्यानको सुरक्षा के हुने, सुरक्षित उहाँहरू आफ्नो देश फर्किन पाउने कि नपाउने। दोस्रो कुरा अहिले बढेको महँगीले निमुखा गरिब जनताहरूको घरको चुलो निम्न अवस्थामा पुगि सक्यो, त्यसको कुरा के हो ? म देख्दछु सरकार दुई तिहाइको छ, मैले चर्चा गर्ने गरेको थिए यसो गाउँ, घरमा बस्दा अब के हुन्छ ? मलाई विश्वास थियो हामीले राम्रो गर्यो या नराम्रो गर्यो प्रजातन्त्र स्थापना गरेको हुनाले आज रास्वपा दुई तिहाइको नजिक छ। प्रजातन्त्र ल्याउनमा कतियौं कठिनाइ हुन्छ भने उहाँहरूलाई अनुभव छैन यो निश्चित कुरा हो जग जाहेर छ। तर प्रजातन्त्र हल्लाले तडक भडकले जे कुरा जनताहरूलाई तपाईंले बाँड्नु भएको छ। त्यो कुरा तिर लाग्नु भएको छ कि, त्यो कुरा छोडेर राजनीतिमा जे पनि गर्दा हुन्छ भने बाटो तिर यो सरकार अग्रसर भएको छ भने आभास भएको छ। यस देशका तमाम एकाइहरू छ, प्रशासनिक एकाइ छ, अदालत छ, तमाम कार्यालयहरू छ। यदि सबै कार्यालयको कार्य समाप्त भएको हो भने जिल्ला घण्टी कार्यालय लेखि दिउँ, प्रदेश घण्टी कार्यालय लेखि दिउँ कि। त्यहाँ जिल्ला प्रशासन नलेखौं, त्यहाँ प्रदेश कार्यालय नलेखौं यदि ती प्रशासन एकाइ हुन। तिनिहरूको नियम छ, कानुन छ, विधि छ, प्रक्रिया छ भने पछि गृह मन्त्रालयले सबै काम गर्ने हो भने जिल्ला प्रशासन किन राख्ने। त्यसकारण मेरो आग्रह छ, ठिकै छ, एउटा गौरी नामको कुनै प्रतिवेदन तयार गरौं। आज जेनजीका नाम भएको गौरी भन्ने एउटा नामकरण दिउँ भोलि त्यसको अर्को गौरी बनाउँला। तर आज नवलपरासीमा भएको युवाको हत्यामा अहिलेका प्रधानमन्त्री, गृहमन्त्रीले जिम्मा लिने की नलिने उहाँहरूलाई अपराध संहिताको ०८१ र ०८२ लाग्ने की नलाग्ने मेरो सरकारलाई प्रश्न छ ? त्यसकारणले आग्रह गर्ने चाहन्छु, मै मात्र नहुनुस् जनता हुन्न ढिलो होला चाँडो होला न्याय हुन्छ। यो देश तपाई हाम्रो सबैको हो, त्यसकारण उत्तरदायित्व के हो भने कुरा सम्झियो विनम्र साथ आग्रह गर्न चाहन्छु।

सुधन गुरुङको अहिले माननीय गृहमन्त्रीको पोखराको कुरा के हो छानबिन नहुने ? रबि बिचरा रबि , अनि छबि के ? तपाईहरूको कुरा के हो ? मेरो प्रश्न छ, यो सदनबाट। यदि रबि म दोषी भन्न चाहँदैन आरोप लागेको हो भने सेम आरोप छबिलाई लागेको छ। छबि बिचरा नहुने बिचरा नहुनेको पछाडिको कारण के ? त्यसकारण मुद्दा उठाउँदै गर्दा ख्याल गर्नुहोस्। आज जनताले हामी माथि अविश्वास गर्नु एकदम ठीक कुरा हो तर यसको अर्थ यो होइन पार्टी हारेको हो पार्टीको जुन विचारका कारणले आज आदरणीय मन्त्रीज्यू यहाँ निर हुनुहुन्छ। तपाईहरूले गरेको असल कार्यलाई हामीले यही सदनबाट सुट गर्नेछौं। तर यो रैथाने हो, आज सबै तपाई होइन। यहाँ बसेका यसभन्दा बाहिर रहेका र तपाईंको प्रतिरोधीमा लडेका मानिसहरू माननीय नभएका मात्रै हुन्। त्यो २००० होला, २०० होला, ३०० होला, ४०० होला ती पनि ती जनताले हो। तपाईंसँग ४५ प्रतिशत छ भने ५८ प्रतिशत बाहिर छ भन्ने कुराको ख्याल आग्रह गर्न चाहन्छु। त्यसकारण कुरा के हो भने विधि, प्रक्रिया, पद्धतिमा टेकेर अगाडि बढेनौ भने कहीं पनि बढ्दैनौं। म भन्न चाहन्छु, ठीकै छ। आजको देशको नागरिकको समस्या के हो त ? कहीं छ छलफल भएको ? भारत र चाइनाको, नेपालको भूमिमा व्यापार गर्ने कुरा आई सक्यो यो सरकारको मौनता मलाई विश्वास थियो। यो सरकारले दुई वटा काम गर्छ, दृढ विश्वासका साथ मैले आम पब्लिकमा मैले बहस सुरु गरेको थिए। यसले एउटा परराष्ट्र नीति, यो देशको एउटा परराष्ट्र नीति अलि खलबलिएको छ, त्यसमै सरकारको दिगो उम्रिन्छ। अर्को अर्थनीति, म माननीय मन्त्रीज्यूलाई यहाँ प्रश्न गर्न चाहन्छु। ग्रेजुअलमा यो देश अलरेडी छ, यदि हाम्रो यही अवस्था रह्यो। यो देश ब्लक लिस्टमा गयो भने त्यति बेला के हुन्छ। म माननीय आदरणीय व्यक्तित्वहरू, माननीय मन्त्री हुनुहुन्छ, भोलि सबैको दशा त्यही हुने हो। जहाँ तपाई हुनुहुन्छ त्यहाँ म पनि हुन्छु, त्यसकारणले ख्याल गर्नुहोस्। आज यो देशको आवश्यकता त्यो हो, यदि परराष्ट्र नीति जुन खलबलिएको छ। त्यसलाई सही ट्रेकमा ल्याउन सकेनौ भने यो देशको दुर्दशा हुन्छ। अर्को अर्थ तपाईंको केपी शर्मा ओली, रमेश लेखक म जस्ता नारायण दत्त भट्ट यहाँ बसेका माननीयहरू कोको लाई कहाँ कहाँ अपराधमा सङ्लग्न छन् हाल्नुहोस् विधि प्रक्रिया पुर्‍याएर जेल हाल्नुहोस्। कुनै दिन तपाईंहरूको पनि पालो आउला तपाई पनि जेलको बाटो जानु होला। केही ठुलो कुरा होइन, अपराध अपराध नै हुन्छ। तर न्याय हरियो र पहेंलो कहिले हुँदैन। न्याय न्याय हुन्छ, न्याय महसुस हुने गरेर न्याय गर्नु पर्दछ। म सँग आज ठुलो जिम्मेवारी छ, ऐतिहासिक जिम्मेवारी छ, विश्वास छ। हिजो हामीले खरानी बनाएको संसद् भवन आज चाहिँदो रहेछ भन्ने कुराको कर्तव्य बोध त भएको होला नि। त्यस्ता कर्तव्य बोधका साथ यदि हामीले आवश्यकतालाई आवेशमा परिवर्तन गर्यो। आवेशमा गरेका निर्णयहरूले कुनै दिन हामीलाई पनि खरानी बनाउँछ भन्ने कुराको ख्याल गर्न म सबै यो सरकार, सरकारमा सबै माननीयहरूलाई अनुरोध गर्दै यो सरकार राम्रो जनताको सबै सुखमा र आज आएको सबै समस्याका बारेमा अगाडि बढोस्। त्यसमा सबैको साथ र सहयोग, विश्वास दिलाउँदै मेरो भनाई अन्त्य गर्दैछु। धन्यवाद। जय नेपाल।

**(१४:१३ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य भुवन बहादुर सुनार। समय ८ मिनेट। त्यसपछि माननीय सदस्य मीनासिंह रखाल।

**(१४:१४ बजे)** **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाली कम्युनिष्ट पार्टी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म मेरा विषयहरू प्रस्तुत गर्न खोजिरहेको छु। त्यसमा सर्वप्रथम नव निर्वाचित उपाध्यक्ष, सम्पूर्ण नव निर्वाचित माननीयज्यूहरूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै म विषयतिर प्रवेश गर्छु। कृषि भूमि सम्बन्धी नै हो मेरो विषय पनि आज। कृषि भूमिमा मोहीहरूको हक-अधिकारको विकराल समस्या पुनः ब्यूँतिन थालेको छ। त्यसको

अर्थ फेरी त्यो तत्व हिजो निष्क्रिय थियो, अहिले सक्रिय हुन लाग्यो कि भन्ने आशङ्का छ। नेपालको संविधानको धारा ५१ (ङ) मा कृषि र भूमि सुधार सम्बन्धी नीति उल्लेख छ। त्यसको बुँदा १ मा ..... मा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने किसानको हितलाई ध्यानमा राखि वैज्ञानिक भूमि सुधार लागू गर्ने। बुँदा २ मा अनुपस्थित भू-स्वामित्वलाई तथा काठमाडौंमा वा अमेरिकामा बस्ने। दसौं वर्षसम्म आफ्नो जग्गामा नटिक्ने मालिकलाई ..... गर्दै जगको चकला बन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। बुँदा ३ मा किसानको हक-हित सर्व समर्थन गर्दै कृषि उत्पादन बढाउन भू-उपयोग नीति अवलम्बन गर्ने। भूमिका व्यवस्थापन र कृषि व्यवसायीकरण, औद्योगीकरण, आधुनिकीकरण गर्ने उल्लेख छ। तर अहिले पनि प्रवासी जस्ता मालिकहरूले किसानहरू पुनः सताउन थालेका छन्। पुस्तौंदेखि खनजोत गरी कमाएका गरिब किसानहरूलाई उठीबास लगाउन थालेका छन्। जमिनदारले अप्ठ्यारो पार्नलाई लालपुर्जा निकाली बैङ्कमा धरौटी राख्ने, जग्गा लिलाम गराउने, .... हर्कत गर्न थालेका छन्। यसको छानबिन भूमि व्यवस्था तथा सहकारी, गरिबी निवारण मन्त्रालयले पहिलो प्राथमिकतामा राखि कार्य गर्न आवश्यक छ। बाबू-बाजेको पालादेखि भोगचन्द गरी आएको जग्गाहरू जाली तमसुक देखाएर प्रशासन लगाएर उठीबास लगाउने, खनजोत गर्ने गर्न रोक लगाउने, धाक-धम्की देखाउने, पूरा गाउँमा मुखियाहरूका छोराहरूले सताउने गरेको जानकारी आएको छ। हजारौं बिगाह जग्गा बाँझा छन्। अरू जग्गा पनि बाँझो बनाउन खोजिरहेका छन्। जसको जोत उसको पोत भन्ने नारा कार्यान्वयन हुनुपर्थ्यो, हुन नसकि राखेकोले यो समस्या ..... भएको छ। तसर्थ यो शक्तिशाली सरकारले किसानका मुद्दा पहिलो एजेन्डा बनाएर काम गरोस्।

२०२१ सालको भूमि सुधार कार्यक्रम कृषिप्रधान देश नेपालका लागि अति महत्वपूर्ण थियो। तर सामन्त जमिनदारले तलसम्म लागू गर्न नदिँदा जोताहा किसानले आफ्नो नाममा पुर्जा पाउनबाट वञ्चित छन्। सामन्ती चिन्तन वा अवशेष बाकी नै रहेछ। यो सरकारले कडाइका साथ किसानको हितमा न्याय पाउने गरी पाइला चाल्न आवश्यक छ। अझ पनि गुटी समस्या छ, बिर्ता समस्या छ, ..... हक अधिकार पूर्ण रूपले नपाउँदा अधिकार खोसिनु विडम्बना नै छ। उदाहरणको लागि प्यूठानको स्वर्गद्वारी र नुवाकोटको शेरा दरबार वरिपरिका बिर्ता, सुकुमबासी, गोर्खा दरबार। त्यस्तै गोरखाको .... आदि लगायतका थुप्रै ठाउँहरूमा यी समस्याहरू छन्। इमानदारी पूर्ण काम गर्न सरकारको ध्यानाकर्षण गराउँदछु। गएको वर्षमा पीडित जनताहरू, किसानहरू माइती घर मण्डलामा धर्ना बसेको, जुलुस गरेको हामी सबैलाई विधिवत् नै छ। यो समस्या समाधान भएको छैन र फेरी पनि त्यस्ता घटनाहरू हुन सक्छन्।

तसर्थ म अर्को प्रसङ्गमा जान्छु। नेपालमा ठूला-ठूला खेती योग्य टारहरू छन् तर पानी नभएका सुक्खा टार छन्। त्यसलाई सिँचाई गरी कृषि उत्पादन बढाउन र आत्मनिर्भर हुन जरुरी छ। यी टारहरू र बेसीहरूका छेउहरूमा नदीहरू बगेका छन्। सजिलै सिँचाई गर्न सकिन्छ। पटक-पटक हामीले सदनबाट प्रश्न उठाएका छौं, सरकारले टेरिरहेका छैनन्।

त्यस्तै बूढीगण्डकी १२०० मेगावाटको बाह्रै महिना विद्युत उत्पादन गर्न सकिने बूढीगण्डकी बहुउद्देश्यीय जलसाय चाँडो निर्माण कार्य सुरु गर्नुपर्‍यो। अहिलेसम्म सधैं सुरु गर्ने सुरु गर्ने भनिएको छ, सुरु भएको छैन। त्यस्तै गोरखाको रबर उद्योग, हेटौंडाको कपडा कारखाना पुनः सञ्चालन गर्ने भनेको छ तर यो सरकारले ल्याउने कार्यक्रम कस्तो हुन्छ, अझै हेर्न बाँकी छ। हामीलाई आशा छ यी बन्द उद्योगहरू सुचारु हुने छन्। पालुङ्टारको ऐतिहासिक विमानस्थल मर्मत कार्य चाँडो सम्पन्न गर्न आवश्यक छ, जुन कार्य अहिले रोकिरहेको छ। त्यो विमानस्थल सुचारु भएमा, त्यो ..... विमानस्थल सुचारु भएमा मनाङ, लमजुङ, गोरखा, तनहुँ लगायतका देशैभरिलाई सहज हुनेछ र त्यो पर्यटकीय विमानस्थल भोलि तालिम केन्द्रमा पनि तालमेलका रूपमा पनि त्यसलाई विकास गर्न सकिने महत्वपूर्ण हवाई मैदान पूर्ण गर्न पनि सरकारसँग माग गर्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु। हस् धन्यवाद।

(१४:२२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य मीनासिंह रखाल। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य खम्म बहादुर खाती।

(१४:२२ बजे) **माननीय श्री मीनासिंह रखाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो नेपालमा महिलाको जनसङ्ख्या ५१ प्रसेन्ट रहेको छ भने ३३ प्रसेन्ट महिलाको प्रतिनिधित्वमा सुनिश्चित छ। हामी ३३ प्रसेन्ट महिलाको प्रतिनिधित्व हुँदै गर्दा हाम्रो देशमा महिला हिंसा अति नै बढेर गएको छ। आज महिला हिंसाको विभिन्न प्रकारहरू छन्। घरेलु हिंसा छ, सामाजिक हिंसा छ, राजनीतिक हिंसा छ, आर्थिक हिंसा छ र विभिन्न हिंसा हुँदै गर्दा साइबर हिंसा पनि भइरहेको छ। सम्माननीय सभा अध्यक्षज्यू, म आज यस सम्मानित सदनमा एक अत्यन्त गम्भीर र संवेदनशील विषय महिला हिंसा र साइबर हिंसाको विषय उठाउन चाहन्छु। आजको युग प्रविधिको युग हो। हामी डिजिटल नेपालको सपना देखिरहेका छौं। तर दुखको कुरा के छ भने यही प्रविधिमा महिलामा हुने नयाँ प्रकारको हिंसाको माध्यम बढ्दै गएको छ। उदाहरणको लागि थुप्रै छन् तर पनि हामीले पराजुली बहिनीलाई लीन सक्छौं। हामीले सडकमा हुने हिंसाको विरोध गऱ्यौं, कानुन बनायौं तर अहिले महिलाहरू मोबाइल र सामाजिक सञ्जालभित्र असुरक्षित भएको छन्। चरित्र हत्या गर्ने, अश्लील टिप्पणी गर्ने, फोटो, भिडियो दुरुपयोग गर्ने, धम्की दिने। यी सबै साइबर हिंसाका रूप हुन्। जसले महिलाको आत्म सम्मान मात्र होइन मानसिक स्वास्थ्य समेत ध्वस्त पारिरहेको छ। यो केवल व्यक्तिगत समस्या होइन, यो सामाजिक र राष्ट्रिय समस्या हो। अध्यक्ष महोदय, आज धेरै महिलाहरू आवाज उठाउन, कराउन, बोल्न सकिरहेका छैनन् किनकी न्याय पाउने विश्वास कमजोर छ। न्याय पाउने विश्वास कमजोर छ, साइबर अपराधको कानुन ढिलो छ। दोषीलाई कडा कारबाही भएको देखिँदैन र महिलाहरू सुरक्षित छैनन् भन्ने समाज पनि सुरक्षित हुँदैन। यदि महिलाको सम्मान छैन भने लोकतन्त्रको मूल्य पनि कमजोर हुने छ।

त्यसैले सम्मानित सदनमार्फत सरकारसँग म माग गर्न चाहन्छु कि पीडितले न्याय पाउनु पर्छ। साइबर हिंसा विरुद्ध कडा र प्रभावकारी कानुनको कार्यान्वयन गरियोस् र आज साइबर कै डाटा हेर्दाखेरि ९० प्रतिशत मुद्दा दर्ता छन् तर कार्यान्वयन भएको छैन। पीडित महिलाको सुरक्षा र गोपनीयताको ग्यारेन्टी गरियोस्। साइबर अपराध अनुसन्धानलाई छिटो र प्रभावकारी र प्रविधि मैत्री बनाइयोस्। जनचेतना कार्यक्रम मार्फत डिजिटल नैतिकता सिकाइयोस्। महिलाहरू समाजका आधार हुन्, शक्ति हुन्। महिलामाथि हुने सब प्रकारको हिंसा अन्त्य गरियोस्। महिलाहरूमा हुने हिंसाले अझ मान्छेहरूलाई सुरक्षित बनाएको छैन। हिंसाको प्रकार सम्झिँदाखेरि घर र समाजबाट पनि बाहिरका बस्नु पर्ने स्थित आइरहेको छ। महिलाहरू सुरक्षित छैनन्। यो डिजिटल साइबर हिंसाको कारणले त झनै महिलाहरू चाही फेसबुक हेर्न, ट्वीटर हेर्न, धेरै कुराहरूबाट महिलालाई अप्ठ्यारो परिरहेको छ। सभा अध्यक्षज्यू साइबर हिंसाका संलग्नता तुरुन्त कडाभन्दा कडा कारबाही गरियोस्। साइबर ब्यूरोलाई शक्तिशाली बनाइयोस् र प्रविधि जनशक्ति र अधिकार दिइयोस्। पीडितलाई राज्यले सुरक्षा र सम्मानको ग्यारेन्टी गरोस्। अन्तमा यदि यो हुन सकेन भने अन्यथा सडक र सदन तताउन बाध्य नपारियोस्। धन्यवाद।

(१४:२६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य खम्म बहादुर खाती। समय ९ मिनेट। त्यसपछि माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१४:२७ बजे) **माननीय श्री खम्म बहादुर खाती (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, विषयगत समितिका सभापतिज्यूहरूको जुन चार जना निर्विरोध निर्वाचित हुनु भएको छ। विकास, आर्थिक मामिला तथा सुशासन समिति, त्यस्तैगरी विधान व्यवस्थापन समिति, राष्ट्रिय हित तथा समन्वय समिति र सार्वजनिक नीति तथा प्रत्यायोजन विधायन समितिमा कृष्ण प्रसाद पौडेलज्यू, कृष्ण बहादुर रोकायज्यू, पूजा चौधरीज्यू र जयन्ती राईज्यू। उहाँलाई बधाई तथा कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। जुन किसिमको एकता राष्ट्रिय सभामा देखायो, पत्रकारको भाषामा भन्दाखेरि यसलाई बाँडफाँड भनिएको छ। तर मैले बुझको के हो भने यसले परिपक्वता देखाएको छ र विभिन्न दलबाट यहाँ प्रतिनिधित्व गरे पनि त्यहाँ आदरणीय अग्र स्थानमा रहेका पार्टीका नेताहरूको सहकार्य, समन्वय र यस्तो सिस्टमको एउटा राम्रो थालनी गरेको छ। त्यसो भएको कारणले गर्दाखेरि आदरणीय विभिन्न पार्टीका तहगत नेतागणहरू र यो समितिमा निर्वाचित हुनु भएका जुन विषयगत समितिका सभापतिज्यूहरूलाई हामी एकताबद्ध भएर, एक ठाउँमा उभिएर कार्य गर्नेछौं जुन प्रतिबद्धता जाहेर गर्नुभएको छ, त्यी एउटा राम्रो संस्कारको शुरु वाती हो भन्ने मले ठानेको छु।

अब मलाई दिएको समय छोटो भएको कारणले म बुँदागत रूपमा यहाँ केही कुराहरू निवेदन गर्न चाहन्छु। फागुन २१ गतेको निर्वाचन पश्चात् राष्ट्रिय स्वतन्त्र पार्टीले अत्याधिक बहुमत ल्याएको छ र झण्डै दुई-तिहाइको नजिक पुगेको छ। यहाँ माननीय मन्त्रीज्यू पनि मेरो सामुन्नेमा हुनुहुन्छ। उहाँ कानुनको पनि विद्यार्थी हो। त्यसो भएको कारणले मैले उहाँलाई सम्बोधन गर्दै निवेदन पनि गर्न चाहन्छु। राज्य र सरकार भनेको हाम्रो गार्डियन हो। गार्डियनबाट कसैसँग कसैलाई काखा-पाखा गरिनु हुँदैन र सबैलाई समान अवसरबाट पनि वञ्चित गर्न हुँदैन। हामी संविधानको विद्यार्थी, कानुनको विद्यार्थी भएका कारणले पनि विधि, कानुन कसैले मिच्नु हुँदैन। स्वतन्त्रताको कुरा गर्दै गर्दा युएन चार्टरदेखि लिएर विभिन्न कन्भेन्शनको कुरा गरिरहँदा र गर्दै गर्दा हामी स्वतन्त्रताको हिमायती हौं। विगतमा राजनीतिक दल जुन पुराना पार्टीहरूलाई यसपाली लखेटियो वा लखेटे भन्ने जुन शैली वा भाषा प्रयोग भएको छ, त्यो आफ्नो ठाउँमा होला। समय, परिस्थिति र घटनालाई पुराना दलहरूले एडजस्ट गर्न न सकेको हो कि ? जनता वा भोटरहरू कसैको व्यक्तिगत पेवा होइन। उनीहरूले परिवर्तन चाहन्छन्, परिवर्तनलाई आत्मसाथ गर्नु नै महत्वपूर्ण पाटो हो जस्तो मलाई लाग्दछ। त्यसो भएको कारणले गर्दाखेरि पुराना सरकारले लिएका राम्रा नीतिहरू, त्यसलाई हामीले अवलम्बन गर्नुपर्दछ र नराम्रा कुराहरूलाई हामीले छोड्नु पर्दछ। अहिले पछिल्ला दिनहरूमा प्रष्ट रूपमा के देखिएको छ भने ठुला राजनीतिक दलहरूलाई नियोजित र निर्देशित रूपमा भड्काउने, उपद्रता ..... र पार्टी फुटाउने काममा केही संयन्त्रहरूको क्रियाशीलता देखिरहेको छ। माननीय मन्त्रीज्यूलाई म अनुरोध गर्न चाहन्छु, संसदीय व्यवस्थामा, संसदीय प्रणालीमा एउटै महत्वपूर्ण कुरा के हो भने प्रतिपक्ष दह्रो हुनु पर्दछ। प्रतिपक्ष भनेकै नै वेटिङ्ग गभर्नमेन्ट हो जस्तो मलाई लाग्दछ। त्यसो भएको कारणले हिजो-अस्ति भनिएको थियो अब प्रतिपक्ष नै नहुने यसपछिको चुनाव हो भने कतै गलत बाटोतिर त यो सरकार जान गइरहेको छैन, त्यस्तो आभास भइरहेको छ। त्यसो भन्दै गर्दाखेरि मैले यहाँहरूलाई के निवेदन गर्न चाहन्छु भने अहिले गौरी आयोगको प्रतिवेदन हट केकको रूपमा आएको छ। गौरी आयोगको प्रतिवेदन यहाँहरूले पनि हेर्नुभयो होला ९०७ त्यसको ६ र त्यो गौरी आयोगको प्रतिवेदनको टिओआर भन्दा बाहिर गएको परिस्थिति देखि राखेको छ। तपाईंलाई नढाँटी मैले भन्नु पर्दा यो रोस्टरमा उभिएर भन्नु पर्दा २४ गतेको घटनालाई यो प्रतिवेदनमा एड्रेस गरिएको छैन। २३ गतेको घटनालाई मात्र एड्रेस गरिएको छ र त्यो एड्रेस गरिदा सँगसँगै म यो फुल हाउसमा निवेदन गर्न चाहन्छु त्यहाँ दिएको आफ्नो टीओआर भन्दा बाहिर गएको छ। उसले सिफारिससम्म गर्ने हो। के-के सिफारिस गऱ्यो भनेर तपाईहरूले हेर्नुहोला, गौरी आयोगको जुन प्रतिवेदनमा छ। निजी क्षेत्र कसरी चलाउनु पर्छ दिइएको छ। बैंकिङ क्षेत्रको बारेमा दिइएको छ। न्यायालय कसरी सञ्चालन हुनुपर्छ भनेर दिइएको छ। सहकारीहरू कसरी सञ्चालन हुनुपर्छ भनेर दिइएको छ। पत्रकार र कानुन व्यवसायीहरूलाई कसरी फि तोक्ने यिनीहरूको वा कसरी सञ्चालन गर्ने भनेर तोकेको छ। सत्य निरूपण मेलमिलाप आयोग

समेतलाई पनि त्यहाँ भित्र अटाइएको छ। मलाई लाग्दैन कि त्यस्तो कार्य गर्न हुँदैन थियो। जसलाई जति सीमा, जति दायरा तोकेको छ, त्यति भित्र बसेर कानुनको परिपालना गर्नु सबैको दायित्व हो जस्तो मलाई लाग्दछ। त्यसो भएको कारणले गर्दाखेरि गौरी आयोगको प्रतिवेदन प्रायमा ..... रूपमा पूर्वाग्राही छ र प्रतिशोध पूर्ण छ। बदनियत छ र उसले आफैले भनेको छ, यो मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ को (१) र सोही ऐनको दफा १८२ अनुसार कसूर हेरेर अनुसन्धान तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्ने। के भनेको यो ? हामीले बुझेका प्रतिवेदन, हामीले थाहा पाएको जानकारी। झन्डै ३२ वर्ष भयो यो पेशाको अनुभवले। एउटा कानुनको विद्यार्थी भएको कारणले आफैले अनुसन्धान गर्ने, आफैले अभियोजन गर्ने प्रकृतिको दफा सहित किटेर आउने यस्तो किसिमको प्रवृत्तिले पनि के देखिन्छ भने यो गौरी आयोगको प्रतिवेदन गलत छ, बदनियत छ, प्रतिशोध पूर्ण छ र राजनीतिक आस्थाका रूपमा अहिले तत्कालीन प्रधानमन्त्री केपी ओली, रमेश लेखक र त्यति बेलाको यो चन्द्र कुबेर खापुङको सन्दर्भमा त फेरी गोभरमेन्टले आफैले इन्टरफियर गरेको छ र थप प्रमाण बुझेर फेरी अनुसन्धान गरेर गर्ने भनेको छ। यस्तो पार्शियल पनि सिफारिस हुन्छ ? त्यो जस्ताको-त्यस्तै बुझाउनु पर्ने होइन ? आफैले तोक्ने अधिकार त्यो गौरी आयोगलाई छ ? छैन। त्यसो भएको कारणले यो पूरा गोभरमेन्टले सच्याओस् र म यो सभा यहाँको हाम्रो अध्यक्षमार्फत यो कुरा नेपाल सरकारको कानमा पुगोस् भन्ने चाहाना चाहन्छु।

त्यस्तै गरीकन अहिले अन्तर्राष्ट्रिय युद्ध ईरान र इजरायल, अमेरिका बीच जुन मिडिल ईस्टहरूको मध्ये पूर्वी देशहरूमा जुन प्रत्यक्ष रूपमा युद्ध भइराखेको छ। International intervention and bomb barding जुन भइराखेको छ। त्यसमा नेपाल सरकारले केही बोल्नु पर्ने कि नपर्ने ? त्यी कुरा पनि विचारणीय छ। हाम्रो पीडित "भिक्टिम" भएका व्यक्तिहरू अहिले त्यस्तो जटिल परिस्थितिमा अहिले त्यहाँ बसि राखेका छन्। तिनिहरूको उद्धार गर्ने की नगर्ने भन्ने प्रश्न पनि त्यत्तिकै महत्वपूर्ण भएकोले त्यो कुरा प्रति पनि सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारलाई अनुरोध गर्दछु। त्यस्तै गरीकन यसबाट महँगीको चपेटामा धेरै जनताहरू परेका छन्। त्यसको लागि विशेष कार्यक्रम ल्याउन पनि सरकारलाई अनुरोध गर्न चाहन्छु। मैले यहाँ अर्को एउटा परराष्ट्र नीतिको कुरा धेरै महत्वपूर्ण देखिन्छ र यो परराष्ट्र नीतिका सन्दर्भमा हाम्रो संविधानले पनि के भनेको छ भने परराष्ट्र नीतिको सन्दर्भमा नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हितको रक्षा र क्रियाशिल रहँदै संयुक्त राष्ट्र संघको वडापत्र र असलसङ्ग पञ्चशीलको सिद्धान्तको आधारमा अन्तरराष्ट्रिय कानुन र विश्वशान्तिको मान्यता, स्वतन्त्र परराष्ट्र नीति बनाउन आवश्यक देखिन्छ। त्यो छ की छैन भन्ने कुरा हेर्नुपर्छ। अहिले हाम्रो छिमेकी राष्ट्रहरूका सन्दर्भमा कुरा गरिरहँदा, हाम्रो लिपुलेकको बारेमा कुरा गरिरहँदा सरकार मौन भएर बस्न मिल्छ कि मिल्दैन ? हाम्रा धाराहरू स्पष्ट रूपमा आउनु पर्दछ जस्तो मलाई लाग्दछ।

त्यस्तैगरी निजी क्षेत्रलाई अहिले पत्रकारहरूलाई यो विभेदकारी नीति गरिएको छ, यिनीहरुलाई विज्ञापन नदिने भनेर त्यसबारे पनि सरकार सोच्नु अवस्था देखिरहेको छ। अहिले सम्पत्ति शुद्धीकरणको नाममा व्यक्तिलाई पूर्वाग्राही पूर्ण राखेर २०८०/१२/३० मा सम्पत्ति शुद्धीकरण ऐन संशोधन भएको छ र त्यो संशोधन ऐनको प्रतिकूल हुने गरी व्यक्तिलाई ह्यासमेन्ट गर्ने। अर्को मुद्दा नहुँदा-नहुँदै पनि गलत रूपमा मुद्दा लगाउने। जुन कार्य भएको छ, त्यो मिलेको छैन र त्यसलाई पनि सरकारले करेक्शन गर्नुपर्छ जस्तो मलाई लाग्दछ। त्यस्तोगरी ऋणको सन्दर्भमा पनि लिएको अहिले गभर्नमेन्टले जुन निर्णय गरेको छ, त्यो गलत छ भन्ने कुरा अनुरोध गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

**(१४:३६ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुरेश कुमार आलेमगर। समय ८ मिनेट। त्यसपछि माननीय सदस्य रोश्नी मेचे।

(१४:३७ बजे) **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाली कम्युनिष्ट पार्टी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम केही बधाई र शुभकामनाका शब्द राख्न चाहन्छु। सबभन्दा पहिले राष्ट्रिय सभाको रिक्त उपाध्यक्ष पद र विभिन्न चार समितिका रिक्त सभापति पदहरूमा विभिन्न माननीयज्यूहरू निर्वाचित हुनुभएको छ। निर्वाचित माननीय उपाध्यक्ष तथा समितिका माननीय सभापतिज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। महिला हुनुहोस्, पुरुष हुनुहोस् सभापति हुनुभएकोमा बधाई छ। तपाईहरूको सफल र उपलब्धिमूलक कार्यकालको लागि पनि हार्दिक बधाई तथा हार्दिक शुभकामना दिन चाहन्छु। त्यसैगरी १०/१२ दिन पहिले मन्त्रिमण्डल गठन भएको छ। त्यो मन्त्रिमण्डलका सम्माननीय प्रधानमन्त्रीज्यू र मन्त्री परिषद्का सम्पूर्ण सदस्यज्यूहरूलाई मन्त्रीज्यूहरूलाई पनि हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु। उहाँहरूको पनि सफल र उपलब्धिमूलक कार्यकालको लागि पनि शुभकामना दिन चाहन्छु। हुनत गरिएन केलेन्डर अनुसार गत १३ गते यो सरकार गठन भएको रहेछ। त्यो केलेन्डर अनुसार यो नम्बर अनलक्की नम्बर हो। १३ अनलक्की नम्बर हो। तर यो अनलक्की नम्बरमा गठन भएको भएता पनि सरकारलाई यो नम्बर लक्की होस्, यो पनि शुभकामना दिन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदय केही दिन अगाडि यो सरकारले विद्यार्थी सङ्गठनहरू, क्याम्पसमा भएका विद्यार्थी सङ्गठनहरूलाई खारेज गर्ने निर्णय गऱ्यो। यो निर्णय सरासर गलत छ, अलोकतान्त्रिक छ। किनभने सम्माननीय अध्यक्ष महोदय, विद्यार्थी सङ्गठनहरू निरङ्कुश, तानाशाही, निर्दलीय पञ्चायती व्यवस्थामा जन्मिएका सङ्गठनहरू हुन्। त्यो व्यवस्थाको तानाशाही पनका विरुद्ध जुधेर कठोर संघर्ष गर्दै तिनिहरू आएका सङ्गठन हुन्। ती सङ्गठनहरू कुनै दबाबमा आएका सङ्गठन होइनन्। निरङ्कुशता र शाही निर्दलीय पञ्चायती कालमा प्रतिबन्धित राजनीतिक दलहरूका राजनीतिलाई लैजाने पनि ती सङ्गठनहरू थिए। त्यस्तो सङ्गठनलाई जुन अहिले प्रतिबन्ध लगाइयो, त्यो गलत छ। म त्यो निर्णयलाई घोर विरोध गर्न चाहन्छु र खारेजीको माग गर्दछु। सायद यो सरकारलाई विद्यार्थीहरू चाहिँदैन होला, तर हामीलाई चाहिन्छ। किनभने हामीलाई विद्यार्थी, किसान, मजदुर, विभिन्न पेसाकर्मी सबै-सबै हामीलाई चाहिन्छ। यो सरकारलाई चाहिँदैन होला, त्यो बेग्लै कुरा भयो। तर हामीलाई चाहिन्छ। यदि विद्यार्थी सङ्गठन नै नराम्रो काम गर्छन् भने हामी कार्वाही गर्छौं नि। त्यसका नेताहरूलाई, त्यसका कार्यकर्ताहरूलाई हामीले कार्वाही गर्छौं। त्यो सङ्गठन समेतलाई हामी खारेज गर्न सक्छौं, सरकारले गर्ने होइन। त्यसैले यो बारेमा सरकारले निश्चित नै पुनर्विचार गर्नुपर्छ। सरकारलाई त सायद भोटमात्रै चाहिएको रहेछ। निर्वाचनको बेलामा त हामी के सुन्थ्यौं भने तपाईहरू आफ्नो पार्टीमा लाग्नुस्। हाम्रो पार्टी आउनु पर्दैन, भोटमात्रै हाल्नुस्। त्यस्तो भन्ने सुन्थ्यौं हामीले तर हामी त्यस्तो होइनौं। हामीले त भोट पनि चाहिन्छ, सङ्गठनहरू पनि चाहिन्छन्। विभिन्न समुदायका कार्यकर्ताहरू त पनि हामीलाई चाहिन्छन्। त्यसकारणले यतातर्फ विचार गर्नुपर्ने हुन्छ।

त्यसैगरी सम्माननीय अध्यक्ष महोदय, लोकतान्त्रिक व्यवस्थामा निर्वाचनहरू हुन्छन्। निर्वाचन निष्पक्ष पनि हुन्छन्, पक्षपात पूर्ण पनि हुन्छन्। धाँधलीरहित पनि हुन्छन्, धाँधलीसहित पनि हुन्छन्। मत क्यापचर गर्ने, फर्जी भोट हाल्ने, ब्यालेट बक्सहरू यताउता गर्ने, मासुभात खुवाउने, रक्सीपानी आदि इत्यादि ..... हरू छन् तर यो २१औं शताब्दीमा अनि टेक्नोलोजिको धेरै विकास भएको अवस्थामा हाईटेक धाँधली हुन्छ कि हुँदैन ? डिजिटल ...... हुन्छ कि हुँदैन ? मलाई थाहा छैन। त्यसैले कोई विज्ञेयले, कोई ज्ञाताले कसैले प्रयोग गरेर चाही प्रयोग गर्नेले मलाई बताइ दिए हुन्छ। यी मेरा प्रश्नहरू मात्र हुन, जिज्ञासाहरू मात्र हुन। कुनै ..... , निर्क्योल र निष्कर्ष होइन। हाईटेक धाँधली, डिजिटल रिगिन।

सम्माननीय अध्यक्ष महोदय, यो अनलक्की नम्बरको डेमा गठन भएको सरकारले निश्चित रूपमा केही ..... कामहरू गरेको छ। जस्तै मधेशी समुदायबाट कहिले पनि प्रधानमन्त्री भएको थिएन। नेपालको इतिहासमा अहिलेसम्म ४० वटा प्रधानमन्त्री भएछन्। कुनै पनि प्रधानमन्त्री मधेशी समुदायबाट भएको थिएन। ..... बाट पनि भएको थिएन। त्यसैले यस अर्थमा ऐतिहासिक निर्णयहरू भएका छन्, कम भङ्ग भएको छ। त्यसैगरी एकजना दलित महिला क्याबिनेट मिनिस्टर हुनुभएको छ। ३३ प्रतिशत महिलाहरू अहिलेको मन्त्रिमण्डलमा समावेश भएका छन्। यस्ता थुप्रै-थुप्रै कामहरू भएका छन्। ती निश्चित रूपमा सकारात्मक कामहरू हुन्। हामीले त्यसो भन्दाखेरि सराहना गर्दछौं। तर कही यस्तो राम्रो कामहरू गरेको आधारमा, पपुलिस्ट कामहरू गरेका आधारमा त्यसको पछाडि कही अरू कामहरू हुने त होइन ? हामी सतर्कतापूर्वक हेरिरहेका छौं।

सम्माननीय अध्यक्ष महोदय, त्यसैगरी दलितहरूसँग माफी माग्ने कुरा पनि ऐतिहासिक र अहिलेसम्म कसैले गरेको छैन। हुनत १५ दिनभित्र भनिएको छ, १२/१३ दिन त भइसक्यो। सरकारले माफी मागेको मलाई थाहा छैन। तर जे होस् राज्यले उत्पीडित बनाएका समुदाय समाजसँग पनि कुरा निश्चित रूपमा ऐतिहासिक कुरा हो र सराहनीय कुरा हो। हामीले त्यसलाई सराहना गर्दछौं। यो सरकार अघि एकजना माननीयज्यूले भन्नुभएको जस्तै यो राष्ट्रिय सभामा सत्ता पक्ष कोही छैन तर सरकार कोही छैन हाम्रो भनेर आतङ्कित र त्रसित नभए हुन्छ। किनकी यो सिङ्गो राष्ट्रिय सभा सरकारले गरेको ..... आधारमा, सकारात्मकता र नकारात्मकताका आधारमा समर्थन र विरोध दुइटै गर्नेछ। राम्रो काम गर्नुहोस्, हामी ताली बजाउने छौं। नराम्रो काम गर्नुभयो भने विरोध, आलोचना र गाली बर्साउने छौं। यो सिङ्गो राष्ट्रिय सभा त्यस्तो प्रकारको सभा हो। शायद पछि तपाईहरूको पनि यहाँ मान्छेहरू आउनुहोला त्यति बेलाको कुरा त्यति बेलै होला, अहिले भने हामी न तपाईहरूको अन्ध भक्त हौं, न तपाईहरूको अन्ध समर्थक हौं। यसरी यो राष्ट्रिय सभालाई यो सरकारले हेरोस्। म यो कुरा राख्न चाहन्छु। तपाईहरूले राम्रो काम गर्नुभयो भने यो राष्ट्रिय सभा राजेश हमालको डायलगलाई उदाहरण लिनुपर्दा "सलाम हो, नराम्रो काम गर्नुभयो भने यो राष्ट्र सभा फलाम हो। यो सरकारले अहिले यो सरकार जुन आएको छ, यसरी आइरहँदा यो .....को सिद्धान्त दण्डवादको सिद्धान्त र सापेक्षता वादको सिद्धान्तलाई बिर्सेको अनुभूति हुन्छ। कुनै पनि चीज पुरै राम्रो पनि हुँदैन, पुरै नराम्रो पनि हुँदैन। ..... समाप्त हुन्छ। त्यसैले जुन भाष्य निर्माण गरिएको छ। नयाँ जति सबै असल, युवा जति सबै असल, पुरानो जति सबै खराब, वृद्ध जति सबै खराब। यस्तो होइन। जति पनि अपराधहरू आज-भोलि भएका छन् त्यसमा हामी के देख्छौं, युवाहरू नै देख्छौं। के सबै युवाहरू खराब हुनत ? होइन। ..... किसिमबाट हामीले हेर्नुपर्ने हुन्छ। त्यसरी हेर्दाखेरि युवाहरू पनि असल छन्/खराब छन्, वृद्धहरू पनि असल छन् /खराब छन् । यसरी हेर्नुपर्ने हुन्छ तर त्यसरी हेरेको पाईदैन। यदि यो सरकारले गलत काम जनघाती, राष्ट्रघाती काम गर्‍यो भने हामी राष्ट्रिय मुक्ति युद्दतर्फ हामी जान सक्छौं। झन् हामी त मार्गदर्शक जनयुद्दमा कफन टाउकोमा बाँधेर हिंडेको हुनाले हामी यो नाफाको जिन्दगी बिताउन हामी सक्नेछौं। त्यसैले सम्पूर्ण देशभक्त जनता जनघाती, देशघाती काम गर्नुभयो भने त्यसका विरुद्धमा लाग्नेछन्। यीनै ..... राख्दै आफ्नो भनाइ विट मार्न चाहन्छु। धन्यवाद। अभिवादन।

(१४:४५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रोश्नी मेचे। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१४:४५ बजे) **माननीय श्री रोश्नी मेचे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त भर्खरै निर्वाचित माननीय उपाध्यक्ष, त्यस्तैगरी चारवटा समितिका सभापतिज्यूहरूलाई कार्य सफलताको हार्दिक शुभकामना

व्यक्त गर्न चाहन्छु। म आज ती मुद्दाहरू उठान गर्न चाहन्छु जसले हाम्रो लोकतन्त्रको जग र आम नागरिकको प्रत्यक्ष दिनचर्यामा गहिरो असर पारिरहेको छ। सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले आफ्नो शासकीय सुधारको नाममा विद्यार्थी सङ्गठनहरूका गतिविधिमाथि नियन्त्रण गर्ने र उनीहरूलाई खारेज गर्ने जुन तयारी गरेको छ, त्यो लोकतन्त्रको मर्ममाथिको प्रहार हो। हामीले बिर्सनु हुँदैन त्यो क्रूर तानाशाही पञ्चायती शासन होस् वा निरङ्कुश राजतन्त्र। जब-जब मुलुकको राष्ट्रियता र जनजीविका खतरामा पर्‍यो, तब-तब विद्यार्थी सङ्गठनहरू नै ढाल बनेर उभिएका थिए। हाम्रो संविधानको धारा ३ ले स्पष्ट रूपमा मौलिक हक र कर्तव्यको प्रत्याभूति गरेको छ। विद्यार्थी सङ्गठनहरू केवल राजनीतिक नर्सरी मात्र होइनन्, तिनिहरू लोकतन्त्रका रक्षक र शैक्षिक सुधारका सम्भाव पनि हुन्। यसको एउटा ज्वलन्त उदाहरण म यहाँ पेश गर्न चाहन्छु। हालैको प्रकृति लमसालको आत्महत्या प्रकरण हो। जब राज्यका संयन्त्रहरू मौन थिए तब नेपालका दलीय विद्यार्थी सङ्गठनहरूले नै यस विषयमा आवाज उठाए र न्यायको माग गरे। उनीहरूको यो सक्रियताले गर्दा नै भारतका विद्यार्थी सङ्गठनहरूले समेत यसमा चासो देखाए र यो मुद्दाले अन्तरराष्ट्रिय रूप लीन सक्यो। यदी यी सङ्गठनहरू नहुने हो भने अन्यायमा परेका विद्यार्थीहरूको आवाज कसले बोली दिने ? इतिहासको यस्तो गौरवपूर्ण र न्यायपूर्ण भूमिका निर्वाह गरेको सङ्गठनलाई एकै पटक समाप्त पार्न खोज्नु तिनिहरूले दिएको योगदानको चरम अपमान हो। म सरकारलाई प्रश्न गर्न चाहन्छु के सरकारले अमुक देशको यूथ काउन्सिल गठन गर्न खोजेको हो। विद्यार्थी सङ्गठन पूर्ण रूपमा खारेज गर्नुको सट्टा यसलाई समयानुकूल सुधार गरौं भन्न म चाहन्छु। यसलाई अझ प्रभावकारी, तार्किक बहस गर्ने एउटा थलोको रूपमा बनाऔं। त्यसो हुँदा मैले सरकारले जुन यो अलोकतान्त्रिक तरिकाले यो विद्यार्थी सङ्गठनहरू खारेजी गर्ने निर्णय गर्‍यो, यो निर्णयलाई अविलम्ब फिर्ता लियोस् भन्ने मैले ध्यानाकर्षण गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म यस गरिमामय सदनको ध्यानाकर्षण गराउन चाहन्छु कि हाम्रो ग्रामीण अर्थतन्त्रको मेरुदण्ड मानिने पशुपालन क्षेत्रमा आइरहेको एउटा भयाभय र हृदयविदारक सङ्कटतर्फ आकर्षित गराउन चाहन्छु। गएको चैत्र ४ गतेदेखि मोरङ जिल्लाबाट शुरू भएको अत्याधिक सङ्क्रामक र घातक बर्डफ्लू भाइरसको डढेलो, अहिले झापा, मोरङ, सुनसरी, चितवन र काठमाडौंमा फैलिसकेको छ। तथ्याङ्क आफैं बोल्छ, अध्यक्ष महोदय। हाल सम्म २३ वटा व्यवसायिक पोल्ट्री फार्महरूमा यो सङ्क्रमण पुष्टि भइसकेको छ। सङ्क्रमण नियन्त्रणका नाममा सरकारले १ लाख १३ हजार भन्दा बढि कुखुरा र हाँसहरू तथा २ लाख ११ हजार भन्दा बढि अण्डा नष्ट गरेको छ। यो हजारौं किसानहरूको सपना र भविष्यको चिन्तासँग जोडिएको छ। आफ्ना घर, खेत धितो राखेर सहकारी र बैंकबाट चर्को ब्याजमा लिएका किसानहरू आज आफ्नै आँखामाथि आफ्नो जीविकोपार्जन सखाप भएको देखेर ..... र विचलित छन्। यो भाइरस पंक्षिमा मात्र सीमित छैन, मानव स्वास्थ्यमा समेत यसले गम्भीर जोखिम उत्पन्न गर्न सक्ने खतरा बोकेको छ। तसर्थ यो केवल कृषि सङ्कट होइन, यो सार्वजनिक स्वास्थ्य सङ्कट पनि हो। त्यसैले सम्माननीय अध्यक्ष महोदय, म सरकारसँग जोरदार माग गर्न चाहन्छु, तत्काल उच्च स्तरीय प्राविधिक टोली परिचालन गरी यो प्रकोप नियन्त्रणका लागि वैज्ञानिक र प्रभावकारी कदम चालियोस्। पीडित किसानहरूलाई आश्वासन होइन यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराउने सुनिश्चित गरियोस्। धन्यवाद।

**(१४:४९ बजे) पुनःपीठासीनः-** सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

**(१४:५० बजे) <u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय ९ मिनेट।

**(१४:५० बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, माघ ११ गते निर्वाचित भएर आउनु भएका राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरू, फागुन २१ निर्वाचित प्रतिनिधि सभाका माननीय सदस्यहरू, नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, प्रतिनिधि सभाका सभामुखज्यू, राष्ट्रिय सभाका उपाध्यक्षज्यू, राष्ट्रिय सभाका विषयगत समितिका सभापतिज्यूहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु। साथै प्रजातन्त्र, लोकतन्त्र प्राप्तिका लागि, सुव्यवस्था कायम गर्नका लागि, सुव्यवस्था सुशासन कायम गर्नका लागि २००७ सालदेखि २०८२ सालसम्म विभिन्न कालखण्डमा संघर्ष गर्दै आफ्नो ज्यू-ज्यान बलिदान दिने महायोद्धा शहीदहरूप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, २०८२ साल भाद्र २३ गतेको जेनजी भाइबहिनीहरूले गरेको आन्दोलनको माग अत्यन्तै जायज थियो। देशमा भइरहेको भ्रष्टाचारको अन्त्य नहुनु, प्रशासनिक ढिला-सुस्ती र सुशासनको प्रत्याभूति नहुनु, चरम व्यथितका बावजूद यो विस्फोटन भएको थियो। जुन कुरा हामीहरूले पनि सडकदेखि सदनसम्म बारम्बार नउठाएको पनि होइन तर सुनिएन। जसका कारण आज निर्दोष जेनजी भाइबहिनीहरूले निथ्यामा ज्यान गुमाउनु पर्‍यो। देशले दसौं वर्षसम्म उठ्न नसक्ने गरी क्षति व्यहोर्नु पर्‍यो। जसलाई लामो समय लगाएर तैयार पारिएको कार्की आयोगको प्रतिवेदन अनुसार सरकारले खोज, अनुसन्धान र आवश्यक कारबाहीको सुरुआत गरेको छ। नेपाली काँग्रेस विधिको शासनमा विश्वास गर्ने पार्टी भएकोले यस कार्यमा हाम्रो सहयोग रहने छ। तर यो छानबिन कारबाही सत्य-तथ्यमा आधारित भई निष्पक्ष रूपमा अगाडि बढोस्। किनकी निर्दोष नफसोस्, अपराधी नछुटोस्। "मोर्निंग शो द डे" दिनको सङ्केत बिहानीले गर्छ, किनकी सरकारले आफूलाई कुन रूपमा प्रस्तुति गर्छ यो समयले निर्धारण गर्ने छ।

यसैगरी भाद्र २४ गते जनजीको नाममा जुन प्रकारको विध्वंस भयो, यो आन्दोलन होइन यो त देशद्रोही हो। जसले हाम्रो इतिहासका धरोहर, शिलालेख, दस्तावेजहरू नष्ट गरेर खरानी बनाउने काम गर्‍यो। यो इतिहासकै कलङ्क हो र कालो धब्बा हो। जसलाई कार्की आयोगको प्रतिवेदनमा छुटाउनु, अपराधीलाई लुकाउनु यो दुःखद हो, महाभूल हो। यस्ता अपराधीहरूलाई माफ दिनु भनेको भावी सन्तानमाथि अन्याय गर्न हो। त्यसकारण म यस विषयलाई गम्भीर भएर लाग्नका लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। जनजी आन्दोलन पछि देशमा भर्खरै गठित सरकारले जेनजीको भावना र नागरिकको चाहना अनुरूप अगाडी बढोस् भन्ने अपेक्षा राख्दै सरकारले संवैधानिक विधि-विधानसँग गरेका सबै कार्यहरूमा नेपाली काँग्रेसको सदा सहायता, साथ, सपोर्ट र सहयोग हुने कुराको विश्वास दिलाउँदै यदि सरकार ट्यार्क भन्दा बाहिर जान खोजेमा कुनै पनि छूट नदिने, खबरदारी गर्ने प्रतिपक्षको दरिलो भूमिकामा खरो उत्रने कुरा पनि जानकारी गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, नवगठित सरकारका प्रधानमन्त्री वालेन्द्र शाहको मन्त्रिपरिषदले सुरुआत गर्न खोजेका राम्रा कार्यहरूमा ७ वटै प्रदेशका सांसदहरूसँगको बैठक र प्रदेशका समसामयिक विकास र बजेट सम्बन्धमा संवाद, छलफल र सुझाव सङ्कलन यो सराहनीय छ। यसलाई अझै सुदृढ, परिष्कृतका लागि स्थानीय र सङ्घीय जनप्रतिनिधिहरू सबैसँग बैठक, छलफल, समन्वय गरी विकासका कार्ययोजना र बजेट सम्बन्धी गहन छलफल, अनुभव र सुझावहरू लिँदै दूरदृष्टि राखेर सधियौंदेखि पछाडी पारिदैं आएको वर्ग, पिछडिएका जात-जाति सबै पुरुष, कृषक, कृषि, किसान, धार्मिक जातीय, सहिष्णुता, भौगोलिक भिन्नतामा बसोबास गर्ने समुदाय सबैको सहअस्तित्व, आपसी सम्मान, सद्भावको सन्देश दिँदैं दूर-दराजका खोला-नाला, पाखा-पखेरा, कुला-नहर, पुल-पुलेसा, बाटा-घाटा सबैले आफ्नो महसुस गर्ने खालको कार्ययोजना र बजेटको खाका कोरियोस्। यसलाई सशक्त रूपमा कार्यान्वयन र सुव्यवस्थित बनाउनका लागि हाम्रो साथ, सपोर्ट रहने कुरा राख्न चाहन्छु।

यसैगरी नयाँ मन्त्रिपरिषद् गठनमा ३३ प्रतिशत महिला प्रतिनिधि र क्षमता अनुसार मन्त्रालयको जिम्मेवारी बाँडफाँड, स्मार्ट लाइसेन्स छाप्ने कुरा महत्वपूर्ण नियुक्ति जस्तै राष्ट्रिय वाणिज्य बैंक, अदालत, राष्ट्रिय योजना आयोग, भागबन्डा नगरी क्षमताको कदरमा गर्ने कामहरू सकारात्मक छन्। यसले निरन्तरता पाओस्, शुभकामना दिन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू सरकारका चुनौतीहरू पनि धेरै छन्। जसलाई हतारोमा होइन संयम भएर नागरिक समाज, मानव अधिकार सङ्गठनहरू, संवैधानिक विद्हरू, बुद्धिजीवीहरू, राजनैतिक लिडरहरू, राष्ट्रिय, अन्तरराष्ट्रिय सबैसँग सहकार्य, सहमति, समझदारीका साथ अगाडि बढ्न जरुरी छ। सबैभन्दा ठुलो चुनौती सीमा र भू-राजनीतिक मुद्दा, लिपुलेख मार्ग विवाद, भारत र चीनसँगको व्यापारमा सन्तुलन र राष्ट्रिय स्वाभिमानको रक्षार्थ, संवेदनशील परराष्ट्र नीति, कूटनीतिक मुद्दा नै अहिलेको प्रमुख समस्या हुन्। जसलाई संवैधानिक बाटोबाट देश र जनताको भरोसामा संयमताका साथ सरकार अगाडि बढोस् भन्ने सुझाव दिन चाहन्छु।

अर्कोतिर अहिलेको सरकारलाई दुई-तिहाई मतका साथ बलियो बनाउने नागरिकको सबैभन्दा ठुलो अपेक्षा भनेको खाली भएका गाउँ-घर, खेती योग्य खेत-बारी, पाखा-पखेरा, वन-जङ्गल, बाँदर-बँदेलको व्यवस्थापनका लागि, रोजगारका लागि विदेशीएको श्रमशक्ति, युवा शक्तिलाई स्वदेश भित्राउने र रोजगारको सृजना गर्नका लागि, सुरक्षित लगानी गर्नका लागि यो सरकारमाथि आम नेपाली नागरिकले ठुलो आशा र भरोसा राखेका छन्। यसमा सरकार संवेदनशील भएर कार्यको शुभारम्भ गरोस्, देश बन्न बेर लाग्दैन।

सम्माननीय अध्यक्षज्यू, पछिल्लो समयमा किशोरीहरू माथि बढ्दो साइबर बुलिङ्ग अत्यन्त चिन्ताजनक छ। यसलाई नियन्त्रणका लागि सरकारले कडा भन्दा कडा कानुनी व्यवस्था गर्दै अपराधीहरूको पहिचान गरी तुरुन्तै कानुनी कारबाहीको दायरामा ल्याइ कडा सजाय दिने कार्यालयलाई शीघ्र अगाडि बढाइयोस्। साथै किशोर-किशोरी लक्षित अपमानजनक टिप्पणी, टेलरिङ्ग र अनलाइन दुर्व्यवहार रोक्न राष्ट्र व्यापी सचेतन अभियान सञ्चालन र यसका लागि नेपाल पोलिसी साइबर ब्यूरो प्रभावकारी बनाउन पहल कदमीका लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, वर्षातको सुरुआतसँगै हाम्रो देशमा बर्सै पिच्छे घट्ने घटनाहरू जस्तै आगलागी, डढेलो बाडी-पहिरो, सडक अवरुद्ध जस्ता कुराहरू प्रति बेलैमा सचेत हुन र गराउनका लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, मध्यपूर्वमा भइरहेको द्वन्द्वको कारण प्रभावित नेपाली नागरिकहरूको अवस्था बारे पारदर्शी जानकारीका लागि सरकारले कूटनीतिक पहलका साथै एकीकृत अनलाइन पोर्टल व्यवस्था गरोस्, जसबाट सबै नागरिकले वास्तविक अवस्था सजिलै बुझ्न सक्ने भएकाले यसको निर्माण कार्यान्वयन शीघ्र थालनीका लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१४:५९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विशेष समय मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को मर्यादा क्रममा हेरफेर गरिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब उक्त पत्रहरूको व्यहोरा जानकारी गराउँछु।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (९) वमोजिम संवत् २०८२ साल चैत्र १३ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्मा सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा देहाय वमोजिम मर्यादाक्रममा हेरफेर गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

| क्र.सं. | नाम थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री वालेन्द्र शाह | प्रधानमन्त्री | रक्षा; उद्योग, वाणिज्य तथा आपूर्ति |
| २. | डा. स्वर्णिम वाग्ले | मन्त्री | अर्थ |
| ३. | श्री शिशिर खनाल | मन्त्री | परराष्ट्र |
| ४. | श्री विराज भक्त श्रेष्ठ | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ५. | श्री सुधन गुरुङ | मन्त्री | गृह |
| ६. | श्री सुनिल लम्साल | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात; सहरी विकास |
| ७. | श्री सोविता गौतम | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| ८. | श्री सीता बादी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| ९. | श्री प्रतिभा रावल | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन;भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १०. | श्री निशा मेहता | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या; खानेपानी |
| ११. | श्री सस्मित पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि; युवा तथा खेलकुद |
| १२. | श्री खडक राज पौडेल | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३. | डा. विक्रम तिमिल्सिना | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १४. | श्री गीता चौधरी | मन्त्री | कृषि तथा पशुपन्छी विकास; वन तथा वातावरण |
| १५. | श्री दिपक कुमार साह | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |

(माहादेव पन्थ)
सचिव
२०८२ चैत २४

माननीय सदस्यहरू, अब, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावललाई "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१५:०१ बजे) **माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री प्रतिभा रावल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन" यस सम्मानित सभा समक्ष पेस गर्दछु। धन्यवाद।

(१५:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल चैत्र २७ गते शुक्रवार अपराह्न १६ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ र एउटा जानकारी २७ गतेको न्यूज हेरि राख्नुहोला।

(तदनन्तर अर्को बैठक २०८२ साल चैत्र २७ गते शुक्रवार अपराह्न १६ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित भयो)।

**स्थगित:१५:०३ बजे।**